२०८१ सालको ऐन नं. ४

# हेटौंडा राजपत्र

हेटौंडा उपमहानगरपालिकाद्वारा प्रकाशित

खण्डः ८ | संख्याः ४ | मितिः२०८१।०९।२१

## भाग- ३

**हेटौंडा उपमहानगरपालिकाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।**

## हेटौंडा उपमहानगरपालिका खानेपानी, सरसफाइ तथा स्वच्छता ऐन, २०८१

**प्रस्तावना**

नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐनले स्थानीय तहलाई दिएको खानेपानी, सरसफाइ एवं स्वच्छता प्रवर्द्धन सम्बन्धी जिम्मेवारीहरु पूरा गरी नागरिकहरुको खानेपानी तथा सरसफाइ सम्बन्धी मौलिक हकको सम्मान, संरक्षण, सम्बर्द्धन र परिपूर्ति सुनिश्चित गर्नका लागि नेपालको संविधानको धारा २२६ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (७) तथा दफा १०२ को व्यवस्थाले दिएको अधिकार प्रयोग गरी हेटौंडा उपमहानगरपालिकाको नगरसभाले यो ऐन पारित गरि लागू गरेको छ ।

### परिच्छेद- १
### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यो ऐनको नाम "हेटौंडा उपमहानगरपालिका खानेपानी, सरसफाइ तथा स्वच्छता ऐन, २०८१" रहने छ ।

(२) यो ऐन नगरसभाबाट पारित भई राजपत्रमा प्रकाशित भएको मिति देखि लागू हुने छ ।

हेटौंडा राजपत्र

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) “अनुमतिपत्र” भन्नाले दफा २३ बमोजिम प्रदान गरिने अनुमतिपत्रलाई सम्झनुपर्छ ।

(ख) “अनुमतिपत्र प्राप्त संस्था” भन्नाले दफा २३ बमोजिम अनुमति प्राप्त गरेको संस्थालाई सम्झनु पर्छ ।

(ग) “आयोजना” भन्नाले खानेपानी तथा सरसफाइको सेवा प्रदान गर्न भौतिक संरचना तथा सेवा प्रणाली निर्माण, विस्तार र सुधारलगायत खानेपानी तथा सरसफाइ सेवा सञ्चालन तथा व्यवस्थापन गर्नका लागि सञ्चालित आयोजनालाई सम्झनुपर्छ ।

(घ) “उपभोक्ता” भन्नाले खानेपानी तथा सरसफाइ सेवा उपयोग गर्ने व्यक्ति, संस्था वा निकायलाई सम्झनुपर्छ ।

(ङ) “उपभोक्ता संस्था” भन्नाले दफा ७ बमोजिम दर्ता भएको खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थालाई सम्झनुपर्छ ।

(च) “उपभोक्ता समिति” भन्नाले उपभोक्ता संस्थाको कार्यकारी अधिकार प्रयोग गर्ने गरी उपभोक्ताहरुबाट निर्वाचित कार्यसमितिलाई सम्झनुपर्छ ।

(छ) “ऐन” भन्नाले हेटौंडा उपमहानगरपालिका खानेपानी, सरसफाइ तथा स्वच्छता ऐन, २०८१ लाई सम्झनुपर्छ ।

(ज) “खानेपानी” भन्नाले मानव तथा पशु स्वास्थ्यको लागि हानीकारक तत्व नभएको स्वच्छ र गुणस्तरीय खानेपानीलाई सम्झनुपर्छ ।

(झ) “खानेपानी सेवा” भन्नाले खानेपानीको आपूर्ति गर्ने कार्य सम्झनुपर्छ । साथै यो शब्दले ट्यांकर, जार वा बोतलबन्दी रुपमा खानेपानी आपूर्ति गर्ने वा उपलब्ध गराउने कार्य समेतलाई जनाउनेछ ।

(ञ) “खानेपानीको घरेलु उपयोग” भन्नाले पिउन, हात मुख धुन, नुहाउन, लुगा धुन, खाना पकाउन तथा पशुपन्छीलाई खुवाउन, घरको सरसफाइ, शौंचालय लगायतका काममा व्यक्तिगत तथा घरायसी प्रयोजनका लागि प्रयोग गरिने खानेपानीको उपयोगलाई सम्झनुपर्छ ।

(ट) “खानेपानीको संस्थागत उपयोग” भन्नाले सरकारी, सार्वजनिक, व्यावसायिक वा व्यापारिक संस्थाहरुले गर्ने खानेपानीको उपयोग सम्झनुपर्छ ।

(ठ) “खानेपानीको सार्वजनिक उपयोग” भन्नाले सार्वजनिक रुपमा जडान भएका धाराबाट उपभोक्ताका लागि घरेलु उपयोगका लागि वा सार्वजनिक स्थलमा आम नागरिकहरुका लागि वितरण हुने पिउन तथा सरसफाइका लागि व्यक्तिगत रुपमा प्रयोग हुने खानेपानीको उपयोग सम्झनुपर्छ र सो शब्दले अग्नि नियन्त्रण लगायत सार्वजनिक स्थलमा प्रयोग गरिने खानेपानीको उपयोगलाई समेत जनाउनेछ ।

(ड) “गुणस्तरीय” भन्नाले नेपाल सरकारले तोकिएको मापदण्ड बमोजिमको न्यूनतम गुणस्तर भएको भन्ने सम्झनुपर्छ ।

(ढ) “ढल निकास” भन्नाले मानव मलमूत्र सहित वा रहित प्रयोग भएका वा वर्षाका फोहर पानीलाई भूमिगत वा सतही ढल प्रणालीमार्फत वा कुनै सुरक्षित तरिकाले संकलन र स्थानान्तरण गर्ने कार्य सम्झनुपर्छ ।

(ण) “तोकिएको वा तोकिए बमोजिम” भन्नाले यो ऐन, यस अन्तर्गत बन्ने नियम, कार्यविधि वा यो ऐनद्वारा अधिकारप्राप्त निकाय, समिति वा अधिकारीले तोकिए बमोजिमका विषयवस्तुलाई सम्झनुपर्छ ।

(त) “उपमहानगरपालिका” भन्नाले हेटौंडा उपमहानगरपालिका सम्झनुपर्छ ।

(थ) "उपमहानगरपालिका क्षेत्र" भन्नाले उपमहानगरपालिकाको चार किल्ला भित्रको भौगोलिक क्षेत्र सम्झनुपर्छ ।

(द) "निरीक्षक" भन्नाले दफा ५० बमोजिम खानेपानी तथा सरसफाइ सेवाको गुणस्तर तथा नियमितता अनुगमन गर्नका लागि नगर कार्यपालिकाले तोकेको कर्मचारीलाई सम्झनुपर्छ ।

(ध) "पानीको स्रोत" भन्नाले प्राकृतिक रुपमा पानी निस्कने ताल, पोखरी, ढुङ्गेधारा, इनार, कुवा, मूललगायत सतही तथा भूमिगत जलस्रोतलाई सम्झनुपर्छ ।

(न) "फोहर पानी" भन्नाले पानीको उपयोग पश्चात् निस्कने मानव मलमूत्र सहित वा रहित फोहर पानी सम्झनुपर्छ र सो शब्दावलीले भूईंमा बगेर आउने बर्षातको पानी समेतलाई जनाउनेछ ।

(प) "सरसफाइ" भन्नाले मानव मलमूलत्र लगायतका दिसाजन्य लेदो पदार्थ तथा फोहर पानीलाई सुरक्षित ढङ्गले मानिस तथा जनावरमा संक्रमण नहुने तथा वायु, जलस्रोत वा भूमिमा प्रदूषण नफैलिने गरी सङ्कलन गर्ने तथा ढलप्रणाली, ट्याङ्कर वा अन्य सुरक्षित उपाय मार्फत ढुवानी गरी सुरक्षित विसर्जन वा पुनरप्रयोग गर्ने कार्यलाई सम्झनुपर्छ ।

(फ) "सरसफाइ सेवा" भन्नाले ढल निकास, ट्याङ्कर वा अन्य सुरक्षित उपायमार्फत मानिस तथा जनावरमा संक्रमण तथा प्रदूषण नफैलिने गरी मानव मलमूलत्र लगायतका दिसाजन्य लेदो पदार्थ तथा फोहर पानी विसर्जनसम्बन्धी सेवा प्रदान गर्ने कार्यलाई सम्झनुपर्छ ।

(ब) "सङ्गठित संस्था" भन्नाले खानेपानी तथा सरसफाइ सेवा सञ्चालन तथा व्यवस्थापन गर्नका लागि कानूनबमोजिम दर्ता भई स्थानीय तहमा सेवा उपलब्ध गराउने गरी स्थापित उपभोक्ता संस्था, कम्पनी, सहकारी संस्था, सामुदायिक संस्था वा गैरसरकारी संस्थालाई सम्झनुपर्छ र यो शब्दले खानेपानी तथा सरसफाइ सेवा प्रदान गर्न संघीय तथा प्रादेशिक कानून अन्तर्गत स्थापना भएका हेटौंडा उपमहानगर क्षेत्रमा सेवा प्रदान गरिरहेको वा समुदायमा खानेपानी तथा सरसफाइको काम गर्नका लागि अनुमति लिएको संस्थान, खानेपानी बोर्ड, समिति, प्राधिकरण, कम्पनी वा यस्तै प्रकृतिका अन्य निकायलाई समेत जनाउनेछ ।

(भ) "सेवा प्रणाली" भन्नाले खानेपानीको मुहान, पाइप, प्रशोधन संयन्त्र, जलभण्डारण संरचना, जलाशय वा सरसफाइ सेवासँग सम्बन्धित ढल, नाला दिसाजन्य लेदो प्रशोधन तथा व्यवस्थापन संयन्त्र (प्लान्ट) लगायतका संरचना वा उपकरणलाई सम्झनुपर्छ र यो शब्दावलीले खानेपानी तथा सरसफाइ सेवासँग सम्बद्ध घर, जग्गा र त्यसमा निर्मित संरचनालाई समेत जनाउनेछ ।

(म) "सेवा प्रदायक" भन्नाले खानेपानी तथा सरसफाइ सेवा प्रणालीको निर्माण, सञ्चालन तथा व्यवस्थापनको माध्यमबाट खानेपानी तथा सरसफाइ सेवा उपलब्ध गराउन अनुमति प्राप्त गरी सो कार्यमा संलग्न व्यक्ति वा संस्थालाई सम्झनुपर्छ र यो शब्दले ऐन बमोजिम अनुमति लिनु नपर्ने तर खानेपानी तथा सरसफाइ सेवामा संलग्न व्यक्ति वा संस्थालाई समेत जनाउनेछ ।

(य) "सेवा क्षेत्र" भन्नाले अनुमति प्राप्त संस्थाले खानेपानी तथा सरसफाइ सेवा सञ्चालन तथा व्यवस्थापन गर्नका लागि अनुमतिपत्रमा तोकिदिएको क्षेत्र सम्झनुपर्छ ।

## परिच्छेद- २

## खानेपानी तथा सरसफाइ सेवामा पहुँच र सेवा प्रदायकको दर्ता तथा नवीकरण

**३. खानेपानी तथा सरसफाइ सेवामा पहुँच :** (१) उपमहानगर क्षेत्रमा वस्ने प्रत्येक नागरिकलाई नेपाल कानूनले व्यवस्था गरे बमोजिमको स्वच्छ तथा गुणस्तरीय खानेपानी तथा सरसफाइ सेवामा पहुँच सुनिश्चित गर्नु उपमहानगरपालिकाको दायित्व हुनेछ ।

(२) उपमहानगरपालिकाले नगरक्षेत्र भित्रका प्रत्येक वस्ती तथा घरघरमा खानेपानी, सरसफाइ सेवा पुऱ्याउनका साथै स्वच्छता प्रवर्द्धन गर्नको लागि खानेपानी, सरसफाइ तथा स्वच्छता योजना बनाई कार्यान्वयन गर्नेछ ।

(३) उपदफा (२) बमोजिमको योजना निर्माण गर्नका लागि उपमहानगरपालिकाले वडा कार्यालयहरु मार्फत उपमहानगर क्षेत्रमा उपलब्ध खानेपानीका स्रोतहरुको अद्यावधिक विवरण संकलन गरी आवश्यकता अनुसार स्रोत नक्सा समेत तयार गरी राख्नेछ ।

(४) उपदफा (१) बमोजिम खानेपानी तथा सरसफाइ सेवामा नागरिकको पहुँच पुऱ्याउनका लागि उपमहानगरपालिकाले प्रचलित नेपाल कानून बमोजिम स्थापना गरिएको संस्थान, बोर्ड वा बोर्डले काम जिम्मा लगाएको संस्था वा खानेपानी तथा सरसफाइ सेवा प्रदान गर्ने उद्देश्यले दर्ता भएका उपभोक्ता संस्था, सहकारी संस्था, गैरसरकारी संस्था वा कम्पनीलाई उपमहानगरक्षेत्र भित्र खानेपानी, सरसफाइ तथा स्वच्छतासम्बन्धी काम गर्नका लागि अनुमति दिन सक्नेछ ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपमहानगरपालिका आफैले खानेपानी तथा सरसफाइ सेवा पुऱ्याउनका लागि आवश्यक भौतिक संरचना वा परियोजना निर्माण, सञ्चालन वा व्यवस्थापन गर्न वा त्यस्तो संरचना निर्माण गरी कुनै सङ्गठित संस्थालाई प्रचलित कानुनबमोजिम सञ्चालन तथा व्यवस्थापन हस्तान्तरण गर्न वा करारमा लगाउन कुनै बाधा परेको मानिने छैन ।

४. **खानेपानी तथा सरसफाइ सेवा प्रदायकको दर्ता:** व्यक्तिगत प्रयोजनका लागि सार्वजनिक स्रोतबाट पानी उपभोग गर्नका लागि ऐन बमोजिम छुट दिएको अवस्थामा बाहेक खानेपानी तथा सरसफाइ सेवा सम्बन्धी पानीको स्रोतको सर्वेक्षण तथा उपयोग गर्न, खानेपानी तथा सरसफाइसम्बन्धी संरचना तथा सेवा प्रणाली निर्माण गर्न एवं खानेपानी सेवा सञ्चालन तथा व्यवस्थापन गर्नका लागि प्रचलित कानून बमोजिम संगठित संस्थाको रुपमा दर्ता हुनु पर्नेछ ।

५. **उपभोक्ता संस्थाको गठन तथा दर्ता:** (१) कुनै सेवा क्षेत्रको लागि खानेपानी, सरसफाइ तथा स्वच्छता सेवा प्रदान गर्नका लागि आवश्यक योजना तयार गरी वा संघ, प्रदेश सरकार वा अन्य निकायबाट हस्तान्तरण भई आएका आयोजनाको सञ्चालन तथा व्यवस्थापन गर्नका लागि उपमहानगरपालिकाले सो सेवा क्षेत्रका उपभोक्ताहरुलाई समावेश गरी उपभोक्ता संस्था दर्ता गर्न लगाउन सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सार्वजनिक वा सामुदायिक उपयोगको लागि आयोजना विकास तथा निर्माण गरी वा नगरी त्यस्तो सेवा सञ्चालन तथा व्यवस्थापन गर्नका लागि त्यसबाट लाभान्वित हुने व्यक्तिहरुले उपभोक्ता संस्था गठन गरी दर्ता गर्न सक्नेछन् ।

६. **उपभोक्ता संस्था दर्ता प्रक्रिया:** (१) निश्चित सेवा क्षेत्रका उपभोक्ताहरुको भेलाले चयन गरेको तदर्थ उपभोक्ता समितिले उपभोक्ता संस्थाको नाम, ठेगाना, उद्देश्य, सेवा क्षेत्र, समेटिने घरधुरी तथा जनसंख्या, प्रयोग गर्न चाहेको पानीको स्रोत, त्यसबाट निस्कने पानीको मात्रा र आफूले प्रयोग गर्न चाहेको पानीको अनुमानित परिमाण र उपभोक्ता समितिका सदस्यहरुको नाम, ठेगाना तथा पेशा खुलाई उपभोक्ता संस्था दर्ताको लागि उपमहानगरपालिकामा निवेदन दिनु पर्नेछ ।

(२) उपभोक्ता संस्था दर्ता गर्ने निवेदनका साथ देहायबमोजिमका कागजपत्र तथा प्रमाणहरु समावेश गर्नु पर्नेछः

(क) अनुसूची-१ बमोजिमका विषयहरु खुलाई तयार पारिएको तीन प्रति विधान,

(ख) दर्ता गर्न आउने व्यक्ति वा व्यक्तिहरुलाई दर्ता गर्नका लागि तदर्थ उपभोक्ता समितिले दिएको अधिकार पत्र,

(ग) तदर्थ उपभोक्ता समितिका सदस्यहरुको नागरिकता प्रमाणपत्रको छायाँप्रति र फोटो ४ प्रति,

(घ) निवेदन दस्तुर तिरेको नगदी रसिद,

(ङ) खानेपानी वा सरसफाइको सञ्चालन तथा व्यवस्थापन गर्न तयार हुने संरचना तथा प्रणाली समेत निर्माण गर्नु पर्ने भएमा सोको लागि लाग्ने अनुमानित खर्च व्यहोर्ने स्रोत व्यवस्थापन कसरी गरिने हो सो को विवरण,

(च) सार्वजनिक वा सामुदायिक धारा निर्माण गर्ने भए प्रयोग भएर खेर जाने पानीको निकास र विसर्जन योजना,

(छ) ढल निकास वा मानव मलमूत्रको व्यवस्थापन तथा पुनः प्रयोग गर्ने भए विसर्जन वा संकलन गर्न प्रस्तावित स्थान, सुरक्षित व्यवस्थापन गर्न अपनाइने उपाय, तथा प्रयोग योजना, र

(ज) सम्बन्धित वडा कार्यालयको सिफारिस ।

(३) उपमहानगरपालिकाले उपभोक्ता समितिको नमूना विधान उपलब्ध गराउन सक्नेछ ।

(४) उपभोक्ता संस्था अवच्छिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्था हुने छ । यसले आफ्नो नामबाट कानूनी व्यक्ति सरह व्यवहार गर्न सक्नेछ ।

७. **उपभोक्ता संस्था दर्ताको प्रमाण पत्र दिनेः** (१) उपभोक्ता संस्था दर्ताको निवेदन परेपछि उपमहानगरपालिकाको सम्बन्धित शाखाका कर्मचारीले खानेपानीको स्रोतको विवरण साथै पेश गरिएका कागजातहरु ठीक भए नभएको एकीन गरी अनुसूची-२ बमोजिमको प्रमाणपत्र दिनु पर्नेछ ।

(२) उपभोक्ता संस्था दर्ता गर्न सक्ने नदेखिएमा सम्बन्धित शाखाका अधिकारीले कारण खुलाई निवेदन पेश भएको ३ महिनाभित्र निवेदकलाई सो कुराको जानकारी दिनुपर्नेछ ।

(३) उपभोक्ता संस्था दर्ता नसकिने गरी भएको निर्णयमा चित्त नबुझेमा नगर कार्यपालिका समक्ष निर्णय पुनरावलोकनको लागि अनुरोध गर्न सकिनेछ ।

(४) उपभोक्ता संस्था दर्ता गर्ने वा नगर्ने सम्बन्धमा नगर कार्यपालिकाको निर्णय अन्तिम हुनेछ ।

८. **उपभोक्ता संस्थाको दर्ता र नवीकरणः** (१) उपभोक्ता संस्थाले प्रत्येक वर्ष आर्थिक वर्ष समाप्त भएको ६ महिनाभित्र उपभोक्ता संस्थाको वार्षिक विवरण, लेखापरीक्षण प्रतिवेदन तथा तोकिए बमोजिमको नवीकरण दस्तुर तिरेको नगदी रसीदका साथ उपमहानगरपालिकामा उपभोक्ता संस्था नवीकरण गराउनु पर्नेछ ।

(२) उपभोक्ता संस्थाले वार्षिक रुपमा बुझाउनु पर्ने विवरणमा कम्तीमा देहायका विषयहरु समावेश भएको हुनु पर्नेछ ।

(क) सेवा वितरण गरिएका घरधुरी संख्या,

(ख) सेवा सम्बन्धी संरचना तथा सेवा प्रणालीको अवस्था, नयाँ संरचना निर्माण भएको वा मर्मत सम्भार गरेको भए कहाँ के कस्तो निर्माण वा मर्मत सम्भार गरिएको हो सोको विवरण,

(ग) पानीको स्रोत वा मूलको संरक्षणका लागि गरिएका कृयाकलाप र मूलको अवस्था,

(घ) पानीको स्रोतबाट उत्पादन हुने पानीको मात्रा र उपयोग भएको पानीको मात्रा,
(ङ) पानीको गुणस्तर परीक्षण गराइ सोबारे उपभोक्तालाई सूचित गरे-नगरेको विवरण, र
(च) सार्वजनिक वा सामुदायिक धारा राखेको भए त्यसको संख्या तथा त्यहाँ प्रयोग गरेर निस्केको फोहर पानी व्यवस्थापनका लागि गरिएको व्यवस्था ।

(३) वार्षिक लेखा परीक्षण प्रतिवेदनमा अन्य कुराहरुका अतिरिक्त उपभोक्ताहरुबाट उठेको कूल रकम, सेवा सञ्चालन तथा व्यवस्थापनमा भएको कूल खर्च र मर्मत सम्भार कोषमा भएको रकम र त्यसबाट गरिएको खर्चको विवरण स्पष्ट खुलाएको हुनु पर्नेछ ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि साविकमा प्रचलित कानून बमोजिम दर्ता भई सञ्चालनमा रहेका खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाहरुको हकमा अनुसूची-६ बमोजिम सूचीकृत प्रमाणपत्र सहित नवीकरण गरिनेछ ।

९. **उपभोक्ता समितिको गठन र निर्णय प्रक्रियाः** (१) दफा ७ बमोजिम गठित उपभोक्ता संस्थाको सञ्चालनका लागि कुल उपभोक्ता संख्या विचार गरी कम्तिमा ७ जना देखि बढीमा ११ जनासम्मको उपभोक्ता समिति गठन गर्नु पर्नेछ ।

(२) उपभोक्ता समितिमा कम्तीमा ३३ प्रतिशत महिला हुनेगरी सेवा क्षेत्रमा उपलब्ध भए अनुसार सवै वर्ग र सामाजिक समूहको प्रतिनिधित्व हुने गरी गठन गर्नु पर्नेछ ।

(३) उपभोक्ता समितिको निर्णय उपस्थित सदस्यहरुको सर्वसम्मतिबाट हुनेछ । सर्वसम्मति हुन नसकेमा बहुमत सदस्यको उपस्थितिमा बहुमतबाट निर्णय हुनुपर्नेछ ।

१०. **उपभोक्ता संस्थाहरु आपसमा गाभिन सक्नेः** (१) भौगोलिक रुपमा जोडिएका सेवाक्षेत्रमा काम गरिरहेका एक वा एकभन्दा बढी उपभोक्ता संस्थाहरुले आपसमा सहमत भई गाभिने निर्णय गरेमा उपमहानगरपालिकामा निवेदन दिई एक-अर्कामा गाभिन सक्नेछन् ।

(२) एउटा सेवा क्षेत्रमा काम गरिरहेको उपभोक्ता संस्थाको उपभोक्ता समितिले तोकिए बमोजिमका कार्यहरु सन्तोषजनक ढङ्गबाट गर्न नसकेको अवस्थामा सेवा क्षेत्र जोडिएको अर्को उपभोक्ता संस्थासँग गाभेर सेवा सञ्चालन तथा व्यवस्थापन गर्न उपमहानगरपालिकाको निर्णय बमोजिम सम्बन्धित अधिकारीले निर्देशन दिन सक्नेछ ।

(३) उपदफा (१) बमोजिम उपभोक्ता संस्थाहरु एक आपसमा गाभिने शर्तहरु कानून बमोजिम आपसी सहमतिमा निर्धारण गरेबमोजिम हुनेछ । तर संस्थाहरु गाभिने काम सम्पन्न भइसकेपछि गाभिएका संस्थाहरु एउटै संस्थाको रुपमा मानिनेछ र गाभिने संस्थाको अलग अस्तित्व रहेको मानिने छैन ।

(४) उपदफा (२) बमोजिम उपभोक्ता संस्था गाभिने अवस्था आएमा उपमहानगरपालिकाका सम्बन्धित अधिकारीले सहजीकरण गरिदिनेछ ।

(५) दफा (१) वा (२) बमोजिम उपभोक्ता संस्थाहरु गाभिने अवस्थामा सेवा प्रणालीको व्यवस्थापनका लागि उपमहानगरपालिकाले आवश्यक अनुदान सहयोग दिन सक्नेछ ।

११. **उपभोक्ता संस्थाहरु गाभिनको लागि निवेदन दिनु पर्नेः** एक वा एकभन्दा बढी उपभोक्ता संस्थाहरु गाभिन चाहेमा सम्बन्धित उपभोक्ता समितिका अध्यक्षहरु वा तोकिएका अधिकारीहरुले गाभिएर बन्ने उपभोक्ता संस्थाको नाम, ठेगाना, सेवा क्षेत्र र प्रयोग गर्न चाहेका पानीका स्रोतहरु र नयाँ उपभोक्ता समितिका सदस्यहरुको नाम, ठेगाना तथा पेशा खुलाई संयुक्त निवेदन दिनु पर्नेछ ।

(२) उपभोक्ता संस्थाहरु गाभिनका लागि दिने निवेदनका साथ देहायका कागजहरु समावेश गर्नु पर्नेछ :

(क) गाभिन चाहेका उपभोक्ता संस्थाहरुको नाम, ठेगाना र सेवा क्षेत्र,

(ख) सम्बन्धित संस्थाहरुको साधारण सभाले गरेको गाभिने निर्णयको छायाँप्रति,

(ग) गाभिने उपभोक्ता संस्थाहरुको दर्ता प्रमाणपत्र तथा पानीको स्रोतमा पाएको अनुमतिपत्रहरुको सक्कल प्रति,

(घ) गाभिने शर्तहरु तयार गरेको भए सो शर्तनामा वा सम्झौता पत्र,

(ङ) गाभिने संस्थाहरुको आर्थिक अवस्था झल्किने गरी तयार गरिएको प्रतिवेदन वा लेखा परीक्षण गरेको भए पछिल्लो वर्षको लेखा परीक्षण प्रतिवेदन,

(च) गाभिने संस्थाहरु मिलेर बनेको उपभोक्ता संस्थाको ३ प्रति विधान, र

(छ) गाभिएर बनेको उपभोक्ता समितिको पदाधिकारी तथा सदस्यहरुको नागरिकताको फोटोकपी ।

**१२. उपभोक्ता संस्था व्यावसायिक संस्थाको रुपमा परिणत हुन सक्ने:** (१) कुनै उपभोक्ता संस्थाले एक्लै वा अन्य उपभोक्ता संस्था वा संस्थाहरुसँग गाभिएर साधारण सभाबाट निर्णय गरी उपमहानगरपालिकाको अन्य क्षेत्रमा पनि व्यावसायिक संस्थाको रुपमा सेवा प्रदान गर्न चाहेमा उपमहानगरपालिकामा संघ-संस्था वा व्यवसायको रुपमा दर्ता भई वा प्रचलित नेपाल कानून बमोजिम नाफामूलक वा गैर नाफामूलक कम्पनीको रुपमा दर्ता भएर आएमा उपमहानगरपालिकाले पानीको थप स्रोतमा अनुमति दिने तथा सेवा क्षेत्र विस्तारका लागि अनुमति दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम कुनै उपभोक्ता संस्था वा संस्थाहरु गाभिएर व्यावसायिक संस्थाको रुपमा दर्ता भइ आएमा उपमहानगरपालिकाले सेवा प्रणाली सुधारका लागि आवश्यक अनुदान दिन, दुई वर्ष सम्मको लागि उपमहानगरपालिकाले लिने कर तथा शुल्कहरु मिनाहा गर्न र पाँच वर्षसम्मका लागि त्यस्ता कर तथा शुल्कहरुमा तोकिएबमोजिमका विशेष छुट दिनेछ ।

**१३. गाभिएर बनेका उपभोक्ता संस्थाको दर्ता र अनुमति:** (१) ऐन बमोजिम उपभोक्ता संस्थाहरु गाभिएर गठन भएको उपभोक्ता संस्था उपमहानगरपालिकाले दर्ता गरी दर्ता प्रमाण पत्र दिनेछ ।

(२) उपमहानगरपालिकाले उपदफा (१) बमोजिम दर्ता गरिएको उपभोक्ता संस्थालाई सो संस्थाले प्रयोग गर्न पाउने पानीको स्रोत र सीमा तथा सेवा क्षेत्र आदि खुलाई आवश्यक निर्माण तथा सेवा प्रणाली सुधार, सञ्चालन तथा व्यवस्थापनको लागि नयाँ अनुमति पत्र प्रदान गर्नेछ ।

**१४. लगत कट्टा गरी विवरण अद्यावधिक गर्ने:** उपमहानगरपालिकाको सम्बन्धित शाखाका अधिकृतले दफा १२ बमोजिम व्यावसायिक संस्थाको रुपमा परिणत भएका तथा दफा १३ बमोजिम गाभिएका संस्थाहरुको सक्कल अनुमतिपत्रहरु कार्यालमा राखेर तिनको लगत कट्टा गरी अनुमति प्राप्त संस्थाहरुको विवरण अद्यावधिक गरी प्रचलित कानून बमोजिम प्रदेश तथा संघीय सरकारलाई जानकारी गराउनु पर्नेछ ।

## परिच्छेद- ३

## खानेपानीको स्रोत उपयोग तथा खानेपानी तथा सरसफाइ सेवा सञ्चालन सम्बन्धी अनुमति

**१५. अनुमति लिनु पर्ने:** (१) नगर क्षेत्रमा खानेपानी तथा सरसफाइ सेवा सम्बन्धी कार्यको सर्वेक्षण गर्न, त्यस्तो सेवा प्रदान गर्नका लागि आवश्यक संरचना तथा सेवा प्रणाली निर्माण गर्न, त्यस्तो प्रणाली वा ट्याङ्कर मार्फत खानेपानी तथा सरसफाइ सेवा सञ्चालन तथा व्यवस्थापन गर्न र नगर क्षेत्रभित्रको खानेपानीको स्रोतको सार्वजनिक, संस्थागत वा व्यावसायिक उपयोग गर्न चाहने सङ्गठित संस्थाले तोकिएबमोजिम अनुमति लिनु पर्ने छ ।

(२) उपदफा (१) मा जुन सुकै कुरा उल्लेख गरिएको भए तापनि देहायका कार्यहरुको लागि अनुमति लिनु पर्ने छैन :

(क) आफ्नो निजी जग्गामा रहेको खानेपानीको स्रोत घरेलु उपयोगका लागि प्रयोग गर्न,

(ख) आफ्नो घर परिसरको फोहर पानी वा दिसाजन्य लेदो पदार्थअरुलाई प्रतिकूल असर नपर्ने गरी आफ्नै जग्गामा अवशोषण गराउन वा विसर्जन गर्न ।

(३) यो ऐन लागू हुनु अगावै नगरक्षेत्रमा खानेपानी तथा सरसफाइ सेवा सञ्चालन गरिरहेका सङ्गठित संस्थाहरुले यो ऐन लागू भएको एक वर्ष भित्र उपमहानगरपालिकाबाट अनुमति लिनु पर्नेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहाय बमोजिमको संगठित संस्थाले पुनः अनुमति नलिई देहायबमोजिम गर्नु पर्नेछ :

(क) यो ऐन जारी हुनु अगावै देखि नेपाल सरकारबाट अनुमति प्राप्त गरी नगरक्षेत्रमा खानेपानी तथा सरसफाइ सेवा प्रदान गरिरहेको संस्थाले आफूले सेवा प्रदान गरिरहेको क्षेत्र तथा सेवा विस्तार गर्न चाहेको भए सेवा विस्तार गर्ने क्षेत्र र सो कार्यका लागि लाग्ने अनुमानित समय खुलाई उपमहानगरपालिकालाई सूचित गर्नु पर्नेछ ।

(ख) प्रचलित नेपाल कानून बमोजिम दर्ता भएर अनुमति प्राप्त गरी उपमहानगरपालिकाको कुनै वडा वा वस्तीमा खानेपानी तथा सरसफाइ सेवा सञ्चालन गरिरहेका उपभोक्ता संस्थाहरुले यो ऐन जारी भएको एक वर्षभित्र दर्ता तथा अनुमतिको प्रमाण तथा देहाय बमोजिमका कागज प्रमाणका साथ उपमहानगरपालिकामा सूचिकृत हुनु पर्ने छ ।

(अ) उपभोक्ता समिति दर्ता तथा स्रोत प्रयोगको अनुमति सम्बन्धी कागजपत्र,

(आ) सेवा प्रदान गर्नका लागि उपमहानगरपालिकाको कुन-कुन क्षेत्रमा के कस्ता संरचना निर्माण गरेको छ भन्ने कुराको विवरण,

(इ) आफूले सेवा प्रदान गरिरहेको क्षेत्र र उपलब्ध गरिरहेका सेवाहरु,

(ई) तोकिए बमोजिमको सूचिकरण दस्तुर तिरेको नगदी रसीद,

(उ) उपभोक्ता समिति अन्यत्र सम्बन्धित निकायमा नवीकरण नगरेको भए चालू आर्थिक वर्षको नवीकरण दस्तुर, र

(ऊ) वडा कार्यालयको सिफारिस ।

**१६. अनुमति प्राप्त गर्न निवेदन दिनुपर्ने र व्यावसायिक योजना बनाउनु पर्ने:** (१) दफा १५ बमोजिम कुनै कार्य गर्न अनुमति लिन चाहने सङ्गठित संस्थाले अधिकार प्राप्त अधिकारी समक्ष आफूले गर्न चाहेको काम, खानेपानी वा सरसफाइ सेवा सञ्चालन तथा व्यवस्थापन गर्ने भए आफूले सेवा प्रदान गर्न खोजेको भौगोलिक क्षेत्र, समेट्ने र समेट्न सक्ने अनुमानित घरधुरी र जनसंख्या खुलाई देहाय बमोजिमको कागज प्रमाणका साथ निवेदन पेश गर्नु पर्नेछः

(क) कानून बमोजिम सङ्गठित संस्थाको रुपमा दर्ता भएको अद्यावधिक प्रमाणपत्रको प्रतिलिपी,
(ख) खानेपानी तथा सरसफाइको संरचना निर्माण गर्दा त्यसले वातावरणमा प्रतिकूल प्रभाव पार्ने वा नपार्ने, त्यस्तो प्रभावलाई कुनै उपायद्वारा हटाउन वा कम गर्न सकिने वा नसकिने सम्बन्धमा विश्लेषण गरी तयार गरिएको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन वा संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन,
(ग) पानीको स्रोत प्रयोग गर्ने अनुमति प्राप्त गरिसकेको भए अनुमतिपत्रको छायाँ प्रति,
(घ) अनुमति माग गरे अनुरुप कार्य गर्न आर्थिक तथा प्राविधिक रुपमा सक्षम रहेको विश्वास गर्न सकिने आधार,
(ङ) ढल निकास वा दिसाजन्य लेदो व्यवस्थापन तथा पुनः प्रयोगसम्बन्धी अनुमति चाहने संगठित संस्थाले सुरक्षित विसर्जन, भण्डारण, प्रशोधन गर्ने स्थान, विधि तथा योजना,
(च) सङ्गठित संस्थाको तर्फबाट निवेदन गर्न अख्तियार पाएको पत्र र त्यस्तो अख्तियार पाउनेको नागरिकता,
(छ) तोकिए बमोजिमको निवेदन दस्तुर तिरेको नगदी रसीद,
(ज) सम्बन्धित वडा कार्यालयको सिफारिस ।

(२) यो ऐन लागु भएको दुई वर्ष भित्र खानेपानी तथा सरसफाई उपभोक्ता समितिहरुले आफ्नो संस्थाको व्यावसायिक योजना बनाई पेश गर्नु पर्नेछ ।

१७. **एक भन्दा बढी कामको लागि एउटै निवेदन दिन सकिनेः** (१) सङ्गठित संस्थाले अनुमति पत्रको लागि निवेदन दिंदा एउटा मात्र कामको लागि वा एक भन्दा बढी कामको लागि एउटै निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) मा जेसुकै लेखिएको भए तापनि पानीको स्रोतको सर्वेक्षणको निवेदनसँगै पानीको स्रोतको प्रयोग वा निर्माण, सञ्चालन तथा व्यवस्थापनको अनुमतिको लागि एउटै निवेदन दिन सकिने छैन ।

१८. **सेवा विस्तारको लागि अनुमति लिनु पर्नेः** (१) कुनै सङ्गठित संस्थाले आफूले सेवा प्रदान गरिरहेको क्षेत्र विस्तार गर्न चाहेमा त्यस्ता संस्थाले आफूले सेवा प्रदान गरिरहेको क्षेत्र र समेटेको घरधुरी संख्या, विस्तार गर्न चाहेको क्षेत्र, थप समेट्ने अनुमानित घरधुरी तथा जनसंख्या, पानीको स्रोत पर्याप्त रहे नरहेको, स्रोत पर्याप्त नभए कुन स्रोतबाट माग पूरा गरिने हो, सेवा विस्तार गर्न चाहेको क्षेत्रमा अन्य सेवा प्रदायकले सेवा प्रदान गरिरहेको भए सो को विवरण तथा सेवा विस्तार गर्न लाग्ने समय र सेवा विस्तारको योजना लगायत दफा १६ को उपदफा (१) अनुरुप आवश्यक पर्ने प्रमाणका साथ उपमहानगरपालिका समक्ष सेवाक्षेत्र थप गर्नका लागि निवेदन दिनु पर्ने छ ।

(२) उपदफा (१) बमोजिम सेवा क्षेत्र थप गर्दा वितरण च्याम्बर र पाईप विस्तार बाहेक पानीको नयाँ स्रोत प्रयोग गरी नयाँ संरचना विस्तार गर्नु पर्ने भएमा स्रोत उपयोगका लागि नयाँ अनुमति लिएसरहको प्रक्रिया अपनाउनु पर्नेछ ।

१९. **अनुमतिपत्रमा संशोधनः** (१) अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थाले सेवाको प्रकार वा सेवा क्षेत्र थप गरी वा नगरी अनुमतिपत्रमा संशोधन गर्न चाहेमा उपमहानगरपालिकामा निवेदन दिनु पर्नेछ ।

(२) सर्वेक्षण वा वातावरणीय अध्ययन प्रतिवेदन नचाहिने वा पानीको नयाँ श्रोत थप गर्नु नपर्ने अवस्थामा अनुमतिपत्रमा नयाँ प्रकृतिको सेवा सञ्चालन तथा व्यवस्थापनको अनुमति

लिने वा नमिलेको कुरा सच्याउनको लागि निवेदन गरेको भए आवश्यक छानबीन गरी निवेदन परेको एक हप्ताभित्र संशोधन गरिदिनु पर्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए पनि नयाँ सर्वेक्षण गर्नु पर्ने, नयाँ पानीको स्रोत उपयोग गर्ने, वातावरणीय अध्ययन वा नक्शा पास गरी गर्नु पर्ने खालको नयाँ संरचना वा सेवा प्रणाली निर्माण गर्ने जस्ता कुरामा संशोधन गर्नु परेमा नयाँ अनुमति लिंदा अपनाउनुपर्ने प्रक्रियाहरु अपनाई सो कामको लागि छुट्टै अनुमति पत्र जारी गर्नुपर्नेछ ।

२०. **दस्तुरहरुः** (१) यो ऐन बमोजिम विभिन्न निवेदन, अनुमति, नवीकरण आदि विभिन्न कार्यका लागि लाग्ने दस्तुर नगर कार्यपालिकाबाट समय समयमा तोकिए अनुसार हुनेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएका वा परिवर्तन गरिएका दरहरु उपमहानगरपालिकाको राजपत्रमा प्रकाशित भएपछि लागू हुनेछ ।

२१. **अनुमति-पत्रको निवेदनमा छानबिनः** (१) उपमहानगरपालिकाका सम्बन्धित शाखाका अधिकृतले दफा १६ तथा १७ बमोजिम प्राप्त निवेदनसाथ पेश गरिएका कागज प्रमाण तथा सम्बन्धित आयोजना आर्थिक, सामाजिक, प्राविधिक तथा वातावरणीय दृष्टिकोणले उपयुक्त भए नभएको छानबिन गरी उपयुक्त देखिएमा प्रमुख प्रशासकीय अधिकृतसमक्ष अनुमतिको लागि सिफारिस गरी तोकिएको ढाँचामा माग अनुरुपको कार्य गर्नका लागि अनुमतिपत्र प्रदान गर्नेछ ।

(२) उपदफा (१) बमोजिम छानबिन गर्दा थप प्रमाण आवश्यक पर्ने वा कुनै विषयमा थप स्पष्ट गर्नु पर्ने देखिएमा सम्बन्धित अधिकारीले थप कागज प्रमाण पेश गर्न वा स्पष्ट गर्न निवेदकलाई सात दिनको समय दिनुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम तोकिएको समयमा निवेदकले थप कागज प्रमाण पेश गरेमा वा थप स्पष्ट गरेमा सो मितिलाई नै निवेदन परेको मिति मानिनेछ ।

२२. **सार्वजनिक सूचना जारी गर्नु पर्नेः** (१) दफा १६ बमोजिम खानेपानीको स्रोतको सर्वेक्षणको वा खानेपानीको स्रोत प्रयोगको लागि अनुमति प्राप्त गर्न निवेदन परेपछि आवश्यक छानबिन गरेर अनुमति प्रदान गर्नु अघि सो आयोजनासम्बन्धी विवरण समावेश गरी कुनै दावी विरोध वा सुझाव भए १५ दिनभित्र प्रदान गर्नका लागि कार्यालयको सूचना पाटी तथा वेबसाईट वा अन्य पत्रपत्रिकाबाट सार्वजनिक सूचना जारी गर्नु पर्नेछ ।

(२) तोकिएको समय भित्रमा कुनै दावी विरोध वा सुझाव आएमा सो कुरासमेत विचार गरी अनुमति प्रदान गर्ने अधिकारीले निवेदकलाई अनुमति दिंने भएमा अनुमति पाउने संस्थाले पालन गर्नु पर्ने आवश्यक शर्तहरु तोकिदिन वा अनुमति दिन नसकिने जानकारी दिन सक्नेछ ।

२३. **अनुमतिपत्र दिनु पर्नेः** (१) अनुमतिको निवेदन प्राप्त भएपछि सम्बन्धित अधिकारीले छानबिन गर्दा कानून बमोजिम अनुमति दिन उपयुक्त देखिएमा देहायको अवधिभित्र अनुमति दिइएका विषयहरु तथा आवश्यक शर्त उल्लेख गरी अनुमतिपत्र प्रदान गर्नु पर्नेछ ।

(क) सर्वेक्षणको अनुमतिको लागि निवेदन परेको ४५ दिनभित्र,

(ख) पानीको स्रोत उपयोगको लागि निवेदन परेको ३५ दिनभित्र,

(ग) संरचना तथा सेवा प्रणाली निर्माण गरी संचालन तथा व्यवस्थापन गरिने खानेपानी योजनाको अनुमतिका लागि निवेदन परेको ३५ दिनभित्र

(घ) कुनै पनि खालको खानेपानी तथा सरसफाइ सेवा सञ्चालन तथा व्यवस्थापन मात्रको अनुमति लिनका लागि परेको निवेदनमा १५ दिन भित्र

(ङ) सुरक्षित विसर्जन गर्ने गरी ट्याङ्करमा ढुवानी गरी सरसफाइ सेवा पुऱ्याउने अनुमतिका लागि निवेदन परेको ७ दिन भित्र

(२) कुनै सेवा प्रदायकले सन्तोषजनक रुपमा सेवा प्रदान गरिरहेको अवस्थामा अनुमतिपत्र दिंदाको शर्तमा तोकिएको अवधिभर सोही ठाउँमा निजले अनुमति पाएको खानेपानीको स्रोतको प्रयोगमा प्रतिकूल असर पर्ने गरी वा परिमाणमा कटौती हुने गरी अर्को सेवा प्रदायकलाई सोही काम गर्नको लागि अनुमति दिइने छैन ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनैं ठाउँमा सेवा प्रदान गरिरहेको सेवा प्रदायकले ६ महिना भन्दा बढी अवधिदेखि नियमित रुपमा सेवा प्रदान नगरेको वा माग बमोजिम पर्याप्त सेवा नदिएको वा तोकिएको मापदण्ड तथा गुणस्तर अनुरुपको सेवा प्रदान नगरेको र सेवा सुधारका लागि कुनै प्रयास नगरेको अवस्था भएमा नगर कार्यपालिकाले निर्णय गरी अर्को सङ्गठित संस्थालाई सो क्षेत्रमा काम गर्न अनुमति दिन सक्नेछ ।

(४) नेपाल सरकारको स्वीकृत मापदण्डको अधिनमा रही आवश्यकता अनुसार हेटौंडा खानेपानी व्यवस्थापन बोर्डसँग परामर्श गरी उपमहानगरपालिकाले भूमिगत पानीको उपयोग गर्ने अनुमति दिन सक्नेछ । यसरी अनुमति दिंदा प्राकृतिक पानीको श्रोतलाई असर नपर्ने गरी मात्र दिईनेछ ।

(५) प्रचलित कानूनबमोजिम भूमिगत पानीको उपयोग गर्न अनुमति लिनु नपर्ने अवस्थामा कुनै विद्युतीय यन्त्र (मोटर) प्रयोग गरी भूमिगत पानीको प्रयोग गर्ने उपभोक्ताले ३ महिना भित्र उपमहानगरपालिकामा आफूले भूमिगत पानीको उपभोग गरिरहेको बारे कति गहिराईबाट कति गोलाईको पाइपबाट पानी निकालिरहेको हो भन्ने कुरा जानकारी दिनु पर्नेछ ।

(६) यो ऐन लागू हुनु अगावै देखि विद्युतीय यन्त्र प्रयोग गरी भूमिगत पानी उपयोग गरिरहेका उपभोक्ताहरुले यो ऐन प्रारम्भ भएको ३ महिना भित्र उपदफा (५) बमोजिमको जानकारी दिनु पर्नेछ ।

२४. **एकमुष्ठ वा छुट्टाछुट्टै अनुमति दिन सकिनेः** (१) दफा १७ बमोजिम निवेदकको माग अनुरुप उपमहानगरपालिकाले खानेपानीको स्रोत उपयोग, खानेपानीको संरचना तथा सेवा प्रणाली निर्माण, सेवा प्रणालीको सञ्चालन तथा व्यवस्थापन, सरसफाइ सम्बन्धी संरचना तथा सेवा प्रणालीको निर्माण, सरसफाइ सेवा सञ्चालन एवं स्वच्छता प्रवर्द्धन सम्बन्धी कामहरु गर्नका लागि एकमुष्ठ वा अलग-अलग कामको लागि छुट्टाछुट्टै अनुमति दिन सक्नेछ ।

२५. **अनुमति नदिन सक्नेः** (१) तोकिएको अधिकारीले छानबिन गर्दा निवेदकलाई अनुमति दिन अनुपयुक्त देखेमा कारण सहित लिखित जानकारी दिनेछ ।

(२) उपदफा (१) बमोजिम अनुमति नपाएको विषयमा निवेदकले नगर कार्यपालिका समक्ष पुनरावलोकनका लागि निवेदन गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम परेको पुनरावलोकनको निवेदनका सन्दर्भमा नगर कार्यपालिकाले दिएको निर्णय अन्तिम हुनेछ ।

**२६. अनुमति प्राप्त संगठित संस्थाको पानीको स्रोतमा अधिकार:** (१) अनुमति प्राप्त संगठित संस्थालाई पानीको स्रोतमा तोकिएको परिमाण बमोजिमको पानी उपयोग गर्ने अधिकार हुनेछ ।

(२) उपदफा (१) बमोजिमको उपयोग गर्ने अधिकार सम्बन्धित संगठित संस्थाले खानेपानी सेवा सञ्चालन तथा व्यवस्थापन गर्न पाउने गरी प्राप्त अनुमतीको अवधिभर हुनेछ ।

(३) यो ऐन लागू हुनु पूर्व देखि कुनै खानेपानीको स्रोत प्रयोग गरिरहेका संगठित संस्थालाई सो पानी प्रयोगमा अग्राधिकार हुनेछ ।

(४) उपदफा (३) मा जे सुकै लेखिएको भएतापनि सम्बन्धित सेवा प्रदायकले नियमित सेवा प्रदान नगरेको वा तोकिएको गुणस्तर बमोजिमको खानेपानी वितरण गर्न नसकेको अवस्थामा वा सेवामा थप सुधार गर्ने उद्देश्यले त्यस्ता संगठित संस्थाको सहमतिमा सो संस्थाले प्रयोग गरिरहेको स्रोत प्रयोग गरी उपमहानगरपालिका आफै वा नेपाल सरकारले अर्को सेवा प्रदायकमार्फत सेवा सञ्चालन तथा व्यवस्थापन गर्न गराउन सक्नेछ ।

**<u>स्पष्टिकरण:</u>** यहाँ सेवामा सुधार भन्नाले मात्रात्मक, गुणात्मक तथा नियमितताको दृष्टिले पहिलाभन्दा राम्रो, आर्थिक दृष्टिले सस्तो तथा वातावरणीय जोखिम न्यूनीकरण हुने, पानीको स्रोतको संरक्षणको दृष्टिले बढी उपयुक्त वा प्राविधिक रुपले बढी उपयुक्त हुने गरी वा यीमध्ये कुनै दृष्टिले सुधार हुने भन्ने सम्झनु पर्दछ ।

**२७. अनुमतिपत्रमा खुलाउनु पर्ने प्रमुख कुराहरु:** (१) यो ऐन बमोजिम सर्वेक्षणको लागि अनुमतिपत्र प्रदान गर्दा अनुसूची-३ को ढाँचामा प्रदान गर्नु पर्दछ र सो अनुमति पत्रमा अन्य कुराहरुका अतिरिक्त सर्वेक्षणको उद्देश्य, सर्वेक्षण गर्ने क्षेत्र, सर्वेक्षण गरिसक्नु पर्ने समयसीमा र अन्य शर्तहरु खुलाउनु पर्नेछ ।

(२) खानेपानीको स्रोत उपयोगको अनुमतिपत्र प्रदान गर्दा अनुसूची-४ को ढाँचामा प्रदान गर्नु पर्दछ र सो अनुमतिपत्रमा अन्य कुराहरुका अतिरिक्त खानेपानीको स्रोतको नाम, ठेगाना, उपयोगको उद्देश्य, अनुमति प्राप्त संस्थाले प्रयोग गर्ने खानेपानीको परिमाण र स्रोत संरक्षणका लागि पालन गर्नुपर्ने निर्धारित शर्तहरु खुलाउनु पर्नेछ ।

(३) खानेपानी तथा सरसफाइ सेवा सञ्चालन तथा व्यवस्थापनको अनुमतिपत्रको ढाँचा अनुसूची-५ मा उल्लेख भए बमोजिम हुनेछ र सो अनुमतिपत्रमा अन्य कुराहरुका अतिरिक्त अनुमति प्रदान गरिएको कार्य, सो को अवधि र पालन गर्नुपर्ने प्रमुख शर्तहरु खुलाउनु पर्नेछ ।

**२८. अनुमतिपत्रको अवधि:** (१) सर्वेक्षणको लागि दिइने अनुमति पत्रको अवधि प्राविधिक जटिलता तथा अन्य परिस्थितिजन्य अनुकूलता हेरी बढीमा एक वर्षको हुनेछ । तोकिएको अवधिमा काम सम्पन्न गर्न नसकेमा अनुमतिपत्र खारेज गर्न सकिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा उल्लेख गरिएको भए तापनि कुनै प्राकृतिक विपत्ति वा प्राविधिक कारण वा त्यस्तै अन्य काबु बाहिरको परिस्थितिका कारण समयमा काम सम्पन्न हुन नसकेमा एक पटकमा तीन महिनाभन्दा बढी नहुने गरी अनुमति दिने अधिकारीले बढीमा २ पटकसम्म म्याद थप गर्न सक्ने छ ।

(३) खानेपानी तथा सरसफाई सेवा प्रदान गर्नका लागि आयोजना वा सेवा प्रणालीको निर्माण गरी सञ्चालन तथा व्यवस्थापन गर्न वा खानेपानीको स्रोतको सार्वजनिक, संस्थागत, व्यावसायिक तथा औद्योगिक उपयोग गर्नका लागि दिइने अनुमतिपत्रको अवधि बढीमा पच्चीस वर्षको हुनेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि तोकिएको अधिकारीले खानेपानी तथा सरसफाइ सेवाको निर्माण समेत गरी वा निर्माण भइसकेका प्रणाली सञ्चालन तथा व्यवस्थापनका लागि पाँच वर्षका अनुमति दिंदा एक पटकमो लागि मात्र प्रदान गरिनेछ ।

(५) माथि उपदफा (३) र (४) मा जुनसुकै कुरा लेखिएका भए तापनि ट्याङ्कर मार्फत खानेपानी वा दिसाजन्य लेदोपदार्थ ढुवानी लगायतका सरसफाइ सेवा प्रदान गर्ने सङ्गठित संस्थाको अनुमतिपत्रको अवधि दुई वर्षको हुनेछ । यस्तो म्याद सेवाको गुणस्तर हेरी पटक पटक थप गर्न सकिनेछ ।

(६) अनुमतिपत्रको म्याद समाप्त हुनुभन्दा ३० दिन अगावै म्याद थपको लागि तोकिए बमोजिम निवेदन दिनु पर्नेछ ।

(७) तोकिएको म्यादभित्र अनुमतिपत्रको म्याद थप नगराउने सेवा प्रदायकको अनुमति स्वतः खारेज हुनेछ ।

**२९. निजी घर जग्गाको प्रयोगका सम्बन्धमाः** (१) खानेपानी तथा सरसफाइ आयोजनाका लागि कुनै संरचना निर्माण गर्न तथा पाइप ओछ्याउन लगायत सेवा प्रणाली निर्माण तथा मर्मत सम्भार गर्ने क्रममा कसैको निजी जग्गा वा घरको हाता (कम्पाउण्ड) प्रयोग गर्नु पर्ने भएमा अनुमति प्राप्त संस्थाले प्रचलित कानून अनुरुप जग्गा प्राप्त गर्न पर्ने भएमा सहजीकरणको लागि उपमहानगरपालिका समक्ष लिखित अनुरोध गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुरोध भइ आएमा उपमहानगरपालिकाले कानून बमोजिम आवश्यक सहयोग उपलब्ध गराउने छ ।

(३) उपदफा (१) बमोजिम कसैको घरजग्गा प्रयोग गरी पाईप विस्तार वा अन्य सेवा प्रणाली निर्माणको क्रममा कुनै क्षति हुन गएमा सो को क्षतिपूर्ति अनुमति प्राप्त संस्थाले व्यहोर्नु पर्नेछ ।

**३०. निर्माण सम्पन्न प्रमाणपत्रः** (१) अनुमति प्राप्त संस्थाले तोकिए बमोजिमको आयोजनाका लागि आवश्यक संरचना तथा सेवा प्रणाली निर्माण गरी संचालन गर्नु अघि उपमहानगरपालिकामा जानकारी गराई निर्माण सम्पन्न प्रमाणपत्र लिनु पर्नेछ ।

(२) उपमहानगरपालिकाले सम्बन्धित प्राविधिक पठाई तोकिए बमोजिम निर्माण सम्पन्न भए-नभएको सुनिश्चित गरी निर्माण सम्पन्न प्रमाणपत्रको लागि सिफारिस प्रदान गर्नेछ ।

(३) निर्माण सम्पन्न प्रमाणपत्र लिएपछि अनुमति प्राप्त संस्थाले तोकिए बमोजिमको सेवा सञ्चालन तथा व्यवस्थापन गर्न सक्नेछ ।

**३१. निर्देशन दिन सक्नेः** (१) उपमहानगरपालिकाले अनुमतिपत्र प्राप्त संस्था वा सेवा प्रदायकलाई खानेपानी, सरसफाइ तथा स्वच्छतासम्बन्धी आयोजनाको निर्माण, सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा आवश्यक निर्देशन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दिइएको निर्देशनको पालना गर्नु सम्बन्धित पक्ष वा पक्षहरुको कर्तव्य हुनेछ ।

**३२. अनुमतिपत्र खारेज हुनेः** (१) देहायको अवस्थामा अनुमति प्रदान गर्ने अधिकारीले म्याद सकिनु पूर्व नै अनुमति प्राप्त संस्थाको अनुमतिपत्र खारेज गर्न सक्ने छ :

(क) ऐन बमोजिम थप गर्न सकिने अधिकतम अवधिभित्र पनि आयोजना वा सेवा प्रणालीको निर्माण, सञ्चालन तथा व्यवस्थापन नगरेमा,

(ख) एक वर्ष वा सोभन्दा बढी अवधि सम्म अनुमतिपत्रमा तोकिए बमोजिमको गुणस्तरीय सेवा नियमित रुपमा उपलब्ध नगराएमा,

(ग) ऐन बमोजिम निर्धारण गरिएको भन्दा बढी महसुल वा शुल्क लिएमा,

(घ) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत काम गरेमा,

(२) उपदफा (१) बमोजिम अनुमतिपत्र खारेज गर्नु अघि अनुमति प्रदान गर्ने अधिकारीले सम्बन्धित सेवा प्रदायकलाई सफाइको मनासिब मौका दिनु पर्नेछ ।

(३) उपदफा (१) का विभिन्न खण्डहरुमा जुनसुकै कुरा लेखिएको भएता पनि उपभोक्ता संस्थाले सेवा संचालन तथा व्यवस्थापन गरेको अवस्थामा अन्य बैकल्पिक सेवा प्रदायक उपलब्ध हुने अवस्था नभएमा सम्बन्धित उपभोक्ता समितिसँग छलफल गरी उपमहानगरपालिकाका जिम्मेवार पदाधिकारीले उपभोक्ता समितिको क्षमता अभिबृद्धि गराई वा उपभोक्ता समितिको पुनर्गठन गर्न लगाई वा छिमेकमा रहेका अन्य सक्षम उपभोक्ता समितिसँग गाभ्न लगाएर सेवा सुचारु गर्न वा गराउन सक्नेछ ।

(४) अनुमति प्राप्त संस्थाको अनुमतिपत्र खारेज गर्दा सो संस्थाको सेवा क्षेत्रमा सेवा आपूर्तिको बैकल्पिक व्यवस्था नगरी खारेज गरिने छैन ।

**३३. अनुमतिपत्र दिएको अभिलेख राख्नेः** (१) अनुमति दिने अधिकारीले खानेपानीको स्रोत प्रयोग गर्न दिएको अनुमति र खानेपानी तथा सरसफाई सेवा सम्बन्धी सर्वेक्षण, निर्माण, सेवा सञ्चालन तथा व्यवस्थापनको छुट्टाछुट्टै अभिलेख राख्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको अभिलेख राख्दा कुन संगठित संस्थालाई, कुन सेवा क्षेत्रमा, के-कस्ता मुख्य शर्तहरुमा, के-के गर्न, कति समयको लागि कहिले अनुमति दिएको हो भन्ने कुरा स्पष्ट खुल्ने गरी राख्नु पर्दछ ।

(३) अनुमति दिने अधिकारीले प्रत्येक आर्थिक वर्ष समाप्त भएको ३ महिनाभित्र वर्षभरि पानीको स्रोतको उपयोग तथा खानेपानी तथा सरसफाइ सेवा उपलब्ध गराउनका लागि दिइएको अनुमतिको देहाय बमोजिमको विवरण प्रदेशको खानेपानी तथा संघीय खानेपानी मन्त्रालयलाई बोधार्थ दिनुपर्नेछ ।

(क) सो आर्थिक वर्षमा अनुमतिपत्र प्रदान गरिएको सङ्गठित संस्थाको जम्मा संख्या र ती संस्थाहरुको नाम,

(ख) सम्बन्धित संस्थाहरुले सेवा प्रदान गर्ने क्षेत्र,

(ग) सम्बन्धित संस्थाहरुलाई प्रदान गरिएको अनुमतिपत्रको अवधि र अनुमति दिइएको कामको विवरण,

(घ) उपमहानगरपालिकाको पूर्ण वा आंशिक लागतमा निर्माण, सञ्चालन तथा व्यवस्थापन भएका आयोजनाहरुको संख्या, आयोजनाहरुको नाम र सेवा प्रदान गर्ने क्षेत्र,

(ङ) उपमहानगरपालिकाको पूर्ण वा आंशिक लागतमा निर्माण गरी अन्य सङ्गठित संस्थालाई संचालन गर्न दिएको भए ती संस्थाहरुको नाम र सेवा प्रदान गर्ने क्षेत्र ।

(४) अनुमति दिने अधिकारीले कुनै पनि आयोजनाको लागि अनुमति दिएपछि त्यस्तो अनुमति दिएको १५ दिन भित्र सोसम्बन्धी तोकिएबमोजिमको विवरण उपमहानगरपालिकाको वेबसाईटमा राखी नेपाल सरकारले तयार गरेको विद्युतीय नक्सामा प्रविष्ट गर्न लगाउने छ ।

(५) उपमहानगरपालिकाको खानेपानी तथा सरसफाइसम्बन्धी विषय हेर्न तोकिएको अधिकारीले उपमहानगरपालिकाभित्रको खानेपानी तथा सरसफाइसम्बन्धी तोकिएको विवरणहरु सम्बन्धित अनुमति प्राप्त संस्था वा सेवा प्रदायकबाट प्राप्त भएको एक महिनाभित्र उपमहानगरपालिकाको वेबसाइटमा राखी नेपाल सरकारले तयार गरेको विद्युतीय नक्सामा प्रविष्ट गराई अद्यावधिक गर्नु वा गर्न लगाउनु पर्दछ ।

**३४. संरचना हस्तान्तरण:** (१) अनुमति प्राप्त संस्थाले दफा २८ को उपदफा (३) बमोजिमको अनुमतिपत्रको म्याद समाप्त भएपछि आफूले सञ्चालन गरेको खानेपानी तथा सरसफाइको संरचना र सेवा प्रणाली चालू अवस्थामा उपमहानगरपालिकालाई हस्तान्तरण गर्नु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि जग्गा लगायत सम्पूर्ण संरचना तथा सेवा प्रणालीको निर्माण निजी खर्चमा गरी स्थापना तथा सञ्चालन, व्यवस्थापन गर्ने सँस्थाले आफूले बनाएको संरचना हस्तान्तरण गर्नु पर्ने छैन ।

(३) उपदफा (१) बमोजिम वा प्रचलित नेपाल कानून बमोजिम खानेपानी तथा सरसफाइसम्बन्धी कुनै संरचना तथा सेवा प्रणाली उपमहानगरपालिकालाई हस्तान्तरण भएमा उपमहानगरपालिकाले नगर क्षेत्रमा व्यवस्थित रुपमा सेवा प्रदान गरिरहेको अनुमति प्राप्त संस्था वा कुनै अनुभवी सङ्गठित संस्था वा सम्बन्धित सेवा क्षेत्रका उपभोक्ताहरुको संस्था गठन भएको भए त्यस्ता संस्थालाई र गठन नभएको भए गर्न लगाई करारमा सञ्चालन तथा व्यवस्थापन गर्न लगाउन सक्नेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि खानेपानी तथा सरसफाइको संरचना तथा प्रणाली कुनै अनुमति प्राप्त संस्थाबाट हस्तान्तरण भई आएको अवस्थामा सो संस्थाले सन्तोषजनक ढङ्गबाट सेवा सञ्चालन तथा व्यवस्थापन गरिरहेको भए सोही संस्थालाई सञ्चालन तथा व्यवस्थापन गर्न करारमा दिइनेछ ।

(५) उपदफा (१) बमोजिम हस्तान्तरण भएको संरचना तथा प्रणालीबाट सेवा सञ्चालन तथा व्यवस्थापनको जिम्मा उपदफा (४) बमोजिम हस्तान्तरण गर्ने संस्थालाई नै प्रदान नगरी अर्कै संस्थालाई प्रदान गर्नु पर्ने अवस्थामा त्यस्तो संस्थाले यो ऐन बमोजिम सम्बन्धित पानीको स्रोत प्रयोग गर्न तथा सम्बन्धित क्षेत्रमा सेवा सञ्चालन गर्ने अनुमति प्राप्त गर्नु पर्नेछ ।

(६) प्रचलित कानून बमोजिम उपमहानगरपालिकालाई हस्तान्तरण भएका खानेपानी तथा सरसफाइ सेवासम्बन्धी देहायबमोजिमको विवरण प्रमुख प्रशासकीय अधिकृतले हस्तान्तरण भएको मितिले तीन महिनाभित्र प्रदेशको खानेपानी तथा सरसफाइ हेर्ने मन्त्रालय तथा संघीय खानेपानी मन्त्रालयमा पठाउनु पर्नेछः

(क) संरचना तथा सेवा प्रणालीको नाम र ठेगाना,

(ख) प्रदान गरिरहेका सेवाको विवरण,

(ग) हस्तान्तरण गर्ने संस्थाको नाम,

(घ) सेवा प्रदान गरिने क्षेत्र,

(ङ) सेवाको सञ्चालन तथा व्यवस्थापनको जिम्मा दिइएको संस्थाको नाम रकरारको अवधि, र

(च) मुख्य-मुख्य शर्तहरु ।

**३५. हस्तान्तरण प्रक्रिया:** (१) अनुमति प्राप्त संस्थाको म्याद समाप्त भई हस्तान्तरण गर्नु पर्ने भएमा त्यस्तो म्याद समाप्त हुनुभन्दा कम्तीमा तीन महिना अगावै उपमहानगरपालिकालाई जानकारी दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको जानकारी प्राप्त भएपछि उपमहानगरपालिकाले आफ्नो कर्मचारी खटाएर अनुमति प्राप्त संस्थाको व्यवस्थापक तथा सञ्चालक वा कार्यसमितिका सदस्यहरुको सहयोगबाट देहायका विवरणहरु तयार गर्नु गराउनु पर्नेछ ।

(क) सम्बन्धित संरचना तथा सेवा प्रणालीको अवस्था,

(ख) कार्यरत कर्मचारीहरुको विवरण,

(ग) हस्तान्तरण गर्दाको अवस्था सम्मको आय-व्यय, चल-अचल सम्पत्ति, उपभोक्ता तथा अन्यत्रबाट उठन बाँकी बक्यौता रकम तथा दायित्व स्पष्ट हुने आर्थिक विवरण र अघिल्लो आर्थिक वर्षसम्मको लेखा परीक्षण प्रतिवेदन, र

(घ) अन्य आवश्यक विवरण ।

(३) उपदफा (२) बमोजिमको विवरण तयार भएपछि अनुमति प्राप्त संस्था तथा उपमहानगरपालिकाको तर्फबाट तोकिएका प्रतिनिधिहरु बसी कार्यरत कर्मचारीहरुको व्यवस्थापन, अनुमतिप्राप्त संस्थाको आर्थिक दायित्वको जिम्मेवारी, तत्काल गर्नु पर्ने मर्मत सम्भार लगायतका अन्य कार्यका विवरण, सो आयोजना सञ्चानलन तथा व्यवस्थापनको जिम्मा सोही संस्थालाई दिने वा अर्को संस्थालाई दिने, करारमा दिने मुख्य शर्तहरु लगायतका विषयहरु समावेश गरी हस्तान्तरण योजना तयार गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिमको योजना तयार गर्न प्रमुख प्रशासकीय अधिकृतले आवश्यकता अनुसार सम्बन्धित शाखाका प्रमुख, सम्बन्धित काम हेर्ने इन्जिनियर लगायतका कर्मचारीलाई खटाउन सक्नेछ ।

(५) उपदफा (३) बमोजिम तयार गरिएको योजनालाई नगर कार्यपालिकाले अनुमोदन गरेपछि आयोजनाको हस्तान्तरण सम्पन्न हुनेछ ।

## परिच्छेद-४
## खानेपानी तथा सरसफाइ सेवा सञ्चालन

**३६. खानेपानी तथा सरसफाइ सेवाको निर्माण, सञ्चालन तथा व्यवस्थापन:** (१) नगर क्षेत्रमा आधारभूत खानेपानी तथा सरसफाइ सेवा उपलब्ध गराउन उपमहानगरपालिकाले खानेपानी तथा सरसफाइको संरचना तथा प्रणालीको निर्माण तथा स्थापना गरी सञ्चालन तथा व्यवस्थापन गर्न वा सक्नेछ ।

(२) उपमहानगरपालिकाले आफ्नो लगानीबाट निर्माण गरेको वा हस्तान्तरण भई आएको संरचना तथा प्रणालीबाट खानेपानी तथा सरसफाइ सेवा प्रदान गर्न एउटै वा अलग अलग सङ्गठित संस्थालाई खानेपानी तथा सरसफाइ सेवा सञ्चालन तथा व्यवस्थापन गर्न करारमा दिन सक्नेछ ।

(३) सेवा सञ्चालन तथा व्यवस्थापन करारमा दिंदा उपयुक्त अनुसार जग्गा बाहेक त्यसमा निर्मित संरचना र त्यसमा जडित उपकरणहरु संगठित संस्थालाई नै हस्तान्तरण गर्न वा जग्गा समेत त्यस्ता संरचना तथा प्रणालीहरु भाडा वा लिजमा दिन सकिने छ ।

**३७. करारमा समेटनु पर्ने:** खानेपानी तथा सरसफाइका संरचना तथा सेवा प्रणाली करारमा सञ्चालन तथा व्यवस्थापन गर्न दिंदा उपमहानगरपालिकाले अन्य कुराहरुका अतिरिक्त देहायका कुराहरु स्पष्टसँग उल्लेख गर्नु पर्नेछः

(क) सेवा सञ्चालन तथा व्यवस्थापन गर्दा त्यसमा लाग्ने खर्च कटाई बाँकी हुने रकमको प्रयोग वा घाटा रकमको पूर्तिका सम्बन्धमा,

(ख) सेवा सञ्चालन तथा व्यवस्थापन गर्नका लागि भर्ना गरिने कर्मचारीको दरबन्दी तथा सेवा सुविधा र शर्तहरु साथै सञ्चालकहरुले पाउने लाभांशका विषयमा उपमहानगरपालिकाबाट अनुमोदन गराउनु पर्ने कुराहरु,

(ग) वडा समितिको सिफारिस वा आफ्नै स्वविवेकमा निश्चित प्रतिशत विपन्न व्यक्ति तथा परिवारलाई महसुल तथा शुल्कहरुमा छुट तथा मिनाहा दिनु पर्ने कुरा र सोको व्यवस्थापनका सम्बन्धमा,

(घ) सेवा सम्बन्धी संरचना तथा सेवा प्रणालीहरुको संरक्षण तथा नियमित मर्मत-संभार गर्ने कुरा,

(ङ) सम्झौताको अवधि,

(च) विवाद समाधानका प्रक्रिया, र

(छ) एउटा पक्षको लापरवाहीले अर्को पक्षको हानी नोक्सानी हुन गएमा तिर्नु पर्ने क्षतिपूर्तिका बारे ।

**३८. गुणस्तरीय पानी उपलब्ध गराउनु पर्ने:** (१) सेवा प्रदायकले उपलब्ध गराउने खानेपानीको गुणस्तर न्यूनतम राष्ट्रिय मापदण्ड बमोजिम हुनु पर्नेछ ।

(२) सेवा प्रदायकले सरकारी मान्यता प्राप्त प्रयोगशालाबाट वर्षा याममा कम्तीमा एक पटक र ६ महिनाभन्दा बढीको फरक नपर्ने गरी वर्षको कम्तीमा दुई पटक पानीको परीक्षण गराई पानीको गुणस्तर र आवश्यकता अनुसार अपनाउनु पर्ने सावधानीको बारेमा उपभोक्ताहरुलाई जानकारी गराउनु पर्नेछ ।

**३९. खानेपानी तथा सरसफाइ सेवा नियमित रुपमा प्रवाह गर्नु पर्ने:** (१) अनुमतिप्राप्त संस्थाले आफूले अनुमति पाएको सेवा क्षेत्रमा खानेपानी प्रणालीबाट तोकिएको परिमाणमा खानेपानीको नियमित रुपमा न्यायोचित वितरणको व्यवस्था मिलाउनु पर्नेछ ।

(२) अनुमति प्राप्त संस्थाले पानीको अभाव आदि जस्ता मनासिब कारणले नियमित रुपमा खानेपानी आपूर्ति गर्न नसकेमा समय तालिका बनाई उपभोक्तालाई उपयुक्त माध्यमबाट सूचित गरी न्यायोचित मात्रामा खानेपानी आपूर्ति गर्नु पर्नेछ ।

(३) ढल व्यवस्थापनसम्बन्धी सेवाको अनुमति प्राप्त संस्थाले सेवा अवरुद्ध नहुने गरी समय समयमा अनुगमन तथा मर्मतसम्भार गरी सेवाको नियमितता सुनिश्चित गर्नु पर्नेछ ।

**४०. जवाफदेही ढङ्गले सेवा सञ्चालन तथा व्यवस्थापन गर्नु पर्ने:** (१) अनुमति प्राप्त संस्थाले सेवाको प्रकृति अनुरुप खानेपानी तथा सरसफाइ सम्बन्धी जोखिममा आधारित सुरक्षा योजना तयार गरी कार्यान्वयन गर्नु पर्नेछ ।

(२) सेवा प्रदायकले आफूले प्रदान गर्ने सेवा, सम्बन्धित अधिकारी तथा कोठा नं., सेवा प्रदान गर्न लाग्ने समय र शुल्क वा दस्तूर लाग्ने भए सो कुराहरुसमेत उल्लेख गरी सवैले देख्ने ठाउँमा नागरिक वडापत्र राख्नु पर्नेछ ।

(३) सेवा प्रदायकले उपभोक्ताको गुनासो सम्बोधन गर्नका लागि सुझाव पेटिकाको व्यवस्था गर्नुका साथै उपयुक्त गुनासो सुनुवाई संयन्त्र तथा प्रकृया स्थापित गर्नु पर्नेछ ।

४१. **पानी वितरणको प्राथमिकता:** सेवा प्रदायकले खानेपानी उपलब्ध गराउँदा घरेलु उपयोगका लागि उचित व्यवस्था गरेर मात्र क्रमशः सार्वजनिक, संस्थागत, व्यावसायिक तथा औद्योगिक प्रयोजनका लागि पानीको स्रोतको उपयोग गर्नु पर्नेछ ।

४२. **सेवा कटौती गर्न सकिने:** पानीको माग बढी भएर वा पानीको अभावको कारण माग अनुसारको पानी आपूर्ति गर्न नसकिने अवस्थामा उपभोक्ताहरुलाई पूर्व सूचना दिएर सेवा प्रदायकले दफा ४१ मा तोकिएको प्राथमिकता क्रमको आधारमा आंशिक वा पूर्ण रुपमा सेवा कटौती गर्न सक्नेछ ।

४३. **सेवा बन्द गर्न सक्ने:** (१) कुनै कारणवश खानेपानी सेवा प्रणालीबाट उपलब्ध गराइरहेको खानेपानीको गुणस्तर कायम रहन नसक्ने भएमा वा खानेपानी तथा सरसफाइ सेवाको स्तरमा असर पर्ने भएमा वा मर्मत, सम्भार आदि गर्नु परेको अवस्थामा सेवा प्रदायकले उपयुक्त माध्यमबाट सेवा सुचारु हुन लाग्ने अनुमानित समय समेतको पूर्व सूचना दिई सेवा बन्द गर्न सक्नेछ ।

(२) सेवा प्रदायकले उपदफा (१) बमोजिम बन्द गरेको सेवा यथासम्भव छिटो सुधार वा मर्मत गरी सञ्चालनमा ल्याउनु पर्नेछ ।

(३) सेवा प्रदायकले विलम्ब शुल्क तिरेर बुझाउन सक्ने म्यादभित्र समेत महसुल नबुझाउने वा सेवाको दुरुपयोग गर्ने वा सेवा उपयोग गर्दा पालना गर्नु पर्ने शर्तको उल्लंघन गर्ने उपभोक्ताको सेवा पूर्व सूचना दिई बन्द गन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम बन्द गरिएको सेवा सम्बन्धित उपभोक्ताले तोकिएको रकम बुझाई सेवा सुचारु गरिदिन निवेदन गरेमा बन्द गरिएको सेवा सुचारु गरिदिनु पर्नेछ ।

४४. **महसुल तथा सेवा शुल्क लिन नपाउने:** अनुमतिप्राप्त संस्थाले तोकिए बमोजिमको सेवा उपलब्ध गराउन नसकेमा सो अवधिको महसुल तथा सेवा शुल्क लिन पाउने छैन ।

४५. **मर्मत सम्भार खर्च:** (१) उपभोक्ता समितिहरु तथा उपमहानगरपालिकाबाट सञ्चालन तथा व्यवस्थापन करारमा लिएका सेवा प्रदायकहरुले संरचना तथा सेवा प्रणालीको मर्मत सम्भारको खर्च आफैले व्यहोर्नु पर्नेछ । यस्ता सेवा प्रदायकबाट माग भई आएमा प्राविधिक सहयोग उपलब्ध गराउन सक्नेछ ।

(२) उपदफा (१) मा जे सुकै लेखिएको भए तापनि आफ्नो कोषमा आवश्यक सञ्चालन खर्च बाहेक अन्य बचत नभएका सेवा प्रदायकलाई उपमहानगरपालिकाले आवश्यक आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध गराउन सक्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि निजी स्रोतबाट निर्माण, सञ्चालन तथा व्यवस्थापन गरिएका आयोजनाहरुको मर्मत सम्भार खर्च त्यस्ता सेवा प्रदायक आफैले व्यहोर्नु पर्नेछ ।

**४६. निःशुल्क मर्मत सम्भार गर्नु पर्नेः** (१) कुनै उपभोक्ताको घर तथा त्यसले चर्चेको सीमा बाहिर उत्पन्न समस्याको कारण सेवामा अवरोध आएमा त्यस्तो समस्याको समाधान गरेबापत सेवा प्रदायकले कुनै शुल्क लिन पाउने छैन ।

(२) मीटर जडान भएको स्थानदेखि सेवा प्रदायकको स्वामित्वमा रहेको मुख्य पाइप लाईन सम्मको मर्मत कार्य सेवा प्रदायकले निःशुल्क गर्नु पर्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि मर्मतको लागि जडान गर्नु पर्ने आवश्यक पर्ने सामग्रीको खर्च उपभोक्ता स्वयंले नै व्यहोर्नु पर्नेछ ।

**४७. प्रयोग भइसकेको पानीको व्यवस्थापनः** (१) अनुमति प्राप्त संस्थाले सार्वजनिक, संस्थागत तथा व्यावसायिक उपभोक्तालाई खानेपानी सेवा उपलब्ध गराउँदा प्रयोग गरेर निस्कने फोहर पानीको व्यवस्थापन गर्ने सम्बन्धी सम्झौता गरेर मात्र सेवा प्रदान गर्न सक्नेछ ।

(२) सार्वजनिक वा सामुदायिक धारा राखेको ठाउँमा प्रयोग भएको वा खेर गइरहेको पानीले वरिपरि फोहर नहुने सुनिश्चित गर्न उपमहानगरपालिकाले सम्बन्धित उपभोक्ता समिति, संघ-संस्था वा सेवा प्रदायकलाई उपयुक्त व्यवस्था गर्न लगाउने वा सम्बन्धित उपभोक्ताहरुको सहयोगमा आवश्यक व्यवस्थापन गर्न लगाउन सक्नेछ ।

(३) पानीको धारा प्रयोग गर्ने उपभोक्ताहरुले प्रयोग गरेको फोहोर पानी अरुलाई असर नपर्ने गरी व्यवस्थापन गर्नु पर्नेछ ।

**४८. निजी घरजग्गामा प्रवेश गर्न सक्नेः** (१) सेवा प्रदायकको तर्फबाट खटेको कुनै कर्मचारीले कामको सिलसिलामा कुनै व्यक्तिको घर जग्गामा प्रवेश गर्नु पर्ने भएमा सम्बन्धित घरधनीलाई पूर्व जानकारी दिएर वा अनुमति लिएर निजको घरजग्गामा प्रवेश गर्न सक्ने छ ।

(२) उपदफा (१) मा जनुसकै कुरा लेखिएको भए तापनि कुनै व्यक्तिले सेवाको दुरुपयोग वा अनाधिकार उपयोग गरिरहेको छ वा सरसफाइसम्बन्धी तोकिएको मापदण्डको पालना भएको छैन भन्ने पर्याप्त आधार भएमा सूर्योदयदेखि सूर्यास्त नभएसम्मको समयमा पूर्व सूचना दिएर सम्बन्धित वडाको प्रतिनिधि तथा छिमेकीहरु रोहवरमा राखी सेवा प्रदायक संस्थाको कर्मचारी त्यस्तो व्यक्तिको घरजग्गामा प्रवेश गर्न सक्नेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम कुनै व्यक्तिको घरजग्गामा प्रवेश गर्दा सम्बन्धित कर्मचारी तथा प्रवेश गर्ने व्यक्तिहरुले घरधनीको सम्पत्तिमा कुनै प्रकारको हानी नोक्सानी गर्नु हुँदैन, गरे सम्बन्धित सेवा प्रदायकले त्यस्तो घरजग्गा धनीको बिग्रे-भत्केको संरचनालाई यथास्थितिमा निर्माण गर्ने र अन्य क्षति समेत भएको भए क्षतिको लेखाजोखा गरी उपमहानगरपालिकाले तोकेबमोजिमको क्षतिपूर्ति सम्बन्धित निकायले घरधनीलाई तिर्नु पर्नेछ ।

**४९. सेवाप्रणालीसँग सम्बन्धित संरचनाको सुरक्षाः** (१) आयोजना वा सेवा प्रणालीको सुरक्षाको लागि अनुमति-पत्र प्राप्त संस्थाले लिखित अनुरोध गरेमा उपमहानगरपालिकाले नगर प्रहरी खटाई आवश्यक सुरक्षा व्यवस्था गरिदिन सक्नेछ ।

(२) उपदफा (१) अनुसार सुरक्षा व्यवस्था गरिदिएकोमा त्यसको लागि लाग्ने सम्पूर्ण खर्च सम्बन्धित सेवा प्रदायकले व्यहोर्नु पर्नेछ ।

**५०. सेवा तथा मापदण्डको अनुगमनः** (१) उपमहानगरपालिकामा सञ्चालित खानेपानी तथा सरसफाइ सेवाको गुणस्तर, नियमितता तथा ऐन अनुरुप पालन गर्नुपर्ने मापदण्ड अनुरुप भए नभएको अनुगमन गर्न उपमहानगरपालिकाले निरीक्षक नियुक्त गर्न वा सम्बन्धित शाखाका अधिकृत स्तरका कुनै कर्मचारीलाई निरीक्षकको रुपमा तोक्न सक्नेछ ।

(२) निरीक्षकले यो ऐन बमोजिम गर्नु पर्ने कुरा नगरेको वा नगर्नु पर्ने कुरा गरेको सम्बन्धमा नियमन गर्न वार्षिक तालिका बनाई वा आकस्मिक रुपमा निरीक्षण गर्न सक्नेछ ।

(३) निरीक्षकले मानव क्रियाकलापका कारण उपमहानगरपालिकाको भौगोलिक क्षेत्रभित्र पर्ने धार्मिक, साँस्कृतिक तथा पर्यटकीय महत्वका नदी, जलकुण्ड तथा पोखरीको पानीको गुणस्तरका सम्बन्धमा नेपाल सरकारले बनाएको मापदण्ड अनुरुप भए नभएको समेत अनुगमन गर्ने छ ।

(४) निरीक्षकले उपदफा (२) र (३) बमोजिम निरीक्षण गर्ने क्रममा वितरण गरिएको खानेपानी तथा ढल वा सार्वजनिक जग्गा वा खोला नालामा मिसाइएको फोहर पानीको नमूना संकलन गरी परीक्षण गराउन, आवश्यक विवरण माग गर्ने र तोकिए बमोजिम नभएकोमा सेवा प्रदायक वा सम्बन्धित उपभोक्तालाई सचेत गराउन तथा मापदण्ड बमोजिम गुणस्तर कायम गर्न निर्देशन दिन तथा ऐन बमोजिम जरिवाना तोक्न सक्नेछ ।

## परिच्छेद-५
## खानेपानी तथा सरसफाइ सेवाको प्राप्ति

**५१. सेवा प्राप्त गर्न निवेदन दिनु पर्नेः** (१) खानेपानी तथा सरसफाइ सेवा प्राप्त गर्न चाहने व्यक्ति, समुदाय वा संस्थाको प्रतिनिधिले सेवा प्रदायकले तोकेबमोजिमको कागज-प्रमाण तथा तोकिए बमोजिमको शुल्क बुझाई अनुमति प्राप्त संस्थामा निवेदन दिनु पर्ने छ ।

(२) खानेपानी तथा सरसफाइ सेवा प्रदान गर्ने शर्त यो ऐनको अधीनमा रही सेवा प्रदायकले तोकेबमोजिम हुनेछ ।

(३) उपदफा (२) बमोजिम सेवा प्रदायकले निर्धारण गरेका शर्त यो ऐनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ ।

(४) आफ्नो नाममा लालपूर्जा नभएका तर घर बनाई व्यवस्थित रुपमा बसोबास गरिरहेको स्थानमा वा कुनै उचित कारणले खडा भएका अस्थायी शिविरहरुमा बसोबास गरिरहेका स्थानहरुमा सेवा प्रदायकले सम्बन्धित वडा कार्यालयको सिफारिसमा अस्थायी रुपमा सार्वजनिक वा सामुदायिक धाराको प्रवन्ध गरिदिनेछ ।

(५) उपदफा (४) मा गरिएको व्यवस्थाले उक्त समुदाय वा शिविरमा बस्ने नागरिकहरुको त्यहाँको जग्गामा कुनै पनि प्रकारको हक सिर्जना भएको मानिने छैन ।

**५२. धारा तथा मीटर जडानः** (१) दफा ५१ को उपदफा (१) बमोजिमको निवदेन प्राप्त भएपछि अनुमति प्राप्त संस्थाले आवश्यक प्रक्रिया पूरा गरी १५ दिन भित्र धारा जडान गरिदिनु पर्नेछ ।

(२) अनुमति प्राप्त संस्थाले धारा जडान गर्ने क्रममा वा धारा जडान गरिसकेपछि महसुल तोक्ने प्रयोजनका लागि उपभोक्तालाई पानीको परिमाण नाप्ने मीटर जडान गर्न लगाउन सक्नेछ ।

(३) अनुमति प्राप्त संस्थाले तोकिएको मूल्य लिई मीटर जडान गरिदिन वा उपभोक्ताले ल्याएको मीटर जडान गरिदिन सक्नेछ ।

(४) उपभोक्ताले मीटर र त्यसमा लगाइएको सिल तोडे वा नियतवश मीटर बिगारेमा सेवा प्रदायकले त्यस्ता उपभोक्तालाई तोकिएबमोजिम जरिवाना गर्न सक्नेछ ।

(५) उपदफा (४) बाहेक अन्य कारणले मीटर बिग्रेर काम नलाग्ने भएमा उचित मूल्य लिएर वा सेवा प्रदायकलाई खरीद गर्न लगाई सेवा प्रदायकले मीटर फेरिदिन सक्नेछ ।

**५३. ढल सेवा जडानको स्वीकृतिः** (१) ढलसेवा सञ्चालन गरिएको क्षेत्रमा दफा ५१ को उपदफा (१) बमोजिम सेवा प्राप्त गर्नका लागि निवेदन परेपछि आवश्यक प्रक्रिया पूरा गरी १५ दिन भित्र अनुमति प्राप्त संस्थाले ढल जोडिदिनु वा जोडने अनुमति दिनु पर्नेछ ।

(२) अनुमति प्राप्त संस्थाको स्वीकृति नलिई कुनै फोहोर पानीजन्य निकास ढलमा जोडन हुँदैन ।

(३) उपभोक्ताले दिसाजन्य लेदो पदार्थ वा नगल्ने ठोस पदार्थहरु, प्लास्टिक आदि जस्ता पदार्थ सोझै ढलमा पठाउन हुँदैन ।

(४) अनुमति प्राप्त संस्थाले घरायसी तथा सार्वजनिक बाहेक अन्य उपभोक्ताको फोहर पानीको निकास ढलमा जोडनु अघि नेपाल सरकारले तोकिएको मापदण्ड अनुरुपको फोहर पानी मात्र जोडन पाउने गरी सम्झौता गर्न र सो अनुरुप भए नभएको अनुगमन गर्न सक्नेछ ।

**५४. दिसाजन्य लेदो पदार्थको विसर्जन तथा व्यवस्थापनः** (१) उपभोक्ता वा अनुमति प्राप्त संस्थाले दिसाजन्य लेदो पदार्थ सहितको फोहोर पानी सार्वजनिक जग्गा, नदीनाला, पोखरी, ताल आदि जस्ता पानीका मुहानमा वा त्यसको वरपर विसर्जन गर्न हुँदैन ।

(२) उपभोक्ता वा अनुमतिप्राप्त संस्थाले दिसाजन्य लेदोपदार्थ विसर्जन गर्दा मानव लगायत पशुपन्छीलाई हानी हुने वा संक्रमणको जोखिम नहुने गरी सुरक्षित रुपमा गर्नु पर्नेछ ।

**५५. नागरिकको कर्तव्यः** यो ऐनमा अन्यत्र लेखिएबाहेक नागरिकहरुले देहायबमोजिमको कर्तव्य पालन गर्नु पर्नेछः

(क) खानेपानी तथा सरसफाइका संरचना वा सेवा प्रणालीमा तोडफोड वा क्षति नगर्ने र यथासक्य तिनको संरक्षण गर्ने,

(ख) पाइपमा मोटर वा अन्य उपकरण जोडेर पानी नतान्ने,

(ग) खानेपानीको मूल, स्रोत वा खानेपानी भण्डारण गर्न बनाइएको जलाशय वा ट्यांकी, सार्वजनिक धारा आदिको वरपर सफा राख्ने, प्रदुषण वा फोहर नगर्ने,

(घ) पानीको मुहानको संरक्षण गर्ने, पानीको स्रोतको दिगो रुपले उपयोग गर्ने र मुहान सुक्ने वा जलाधार परिवर्तन हुने गरी कुनै संरचना निर्माण नगर्ने,

(ङ) पानीको मुहान वरपर खेती गर्दा वा अन्य कामको सिलसिलामा रासायनिक पदार्थ, मल, विषादी तथा विष्फोटक पदार्थ प्रयोग नगरी सकेसम्म जैविक खेती गर्ने,

(च) खानेपानीको उपयोग गर्दा किफायती ढङ्गले खेर नजाने गरी गर्ने र सम्भव भएसम्म प्रयोग भएको फोहर पानी अन्य काममा पुनःप्रयोग गर्ने वा आफ्नो जग्गामा सुरक्षित रुपमा अवशोषण गर्ने व्यवस्था मिलाउने,

(छ) उपमहानगरपालिका क्षेत्रभित्रका सामुदायिक धाराबाट वा पाइप फुटेर पानी खेर जान नदिन सम्बन्धित समुदायका उपभोक्ताहरुले आवश्यक प्रवन्ध गर्ने,

(ज) उपमहानगरपालिका क्षेत्रभित्रका सार्वजनिक धाराको टुटी विग्रेर वा पाइप फुटेर पानी खेर गइरहेको वा ढल फुटेर वा भरिएर फोहर पानी बगिरहेको देखेमा सम्बन्धित सेवा प्रदायक वा उपमहानगरपालिकामा खबर गर्ने ।

## परिच्छेद- ६
## सरसफाइ सेवाको महसुल तथा शुल्क

**५६. महसुल, शुल्क तथा बक्यौता रकम उठाउन पाउने:** (१) सेवा प्रदायकले आफूले प्रदान गर्ने सेवाको लागि यो ऐन तथा अन्य प्रचलित कानून बमोजिम सेवा जोडनु अघि निवेदकबाट तोकिएबमोजिमको धरौटी लिन तथा सेवा प्रयोग गरे बापत स्वीकृत दरमा उपभोक्ताहरुबाटे महसुल तथा शुल्कहरु लिन पाउनेछ ।

(२) सेवा प्रदायकले उपभोक्ताबाट मीटर जडान भएको अवस्थामा मीटरमा उठेको एकाइको आधारमा र मीटर जडान नभएको अवस्थामा महिनावारीको हिसाबले उपमहानगरपालिकाले स्वीकृत गरेको दरमा खानेपानीको महसूल उठाउन सक्नेछ ।

(३) तोकिएको म्यादभित्र शुल्क तथा महसुल नबुझाउने उपभोक्ताबाट सेवा प्रदायकले तोकिएबमोजिमको दरमा विलम्ब शुल्क लिन सक्नेछ ।

(४) तोकिएको म्याद भित्र महसुल तथा शुल्क नबुझाउने उपभोक्ताबाट बक्यौता रकम सेवा प्रदायकले सरकारी बाँकी सरह असूल उपर गर्न, मिनाहा गर्न वा छुट दिन सक्नेछ ।

(५) उपभोक्ताले बुझाउनु पर्ने महसुल तथा शुल्क बुझाउने म्याद र तरिका सेवा प्रदायकले तोकिएबमोजिम हुनेछ ।

**५७. नगद, जिन्सी वा जनश्रमबाट सेवा शुल्क उठाउन सक्ने:** (१) सेवा प्रदायकले खानेपानी तथा सरसफाइ सेवा प्रदान गरेबापत लाग्ने शुल्क उपभोक्ताबाट नगद, जिन्सी वा जनश्रमदानको माध्यमबाट पनि उठाउन सक्नेछ ।

(२) उपभोक्ताबाट महसुल तथा शुल्क कति-कति अवधिमा उठाउने तथा कहिले मीटर जाँच गर्ने भन्ने कुरा सेवा प्रदायकले तोकेबमोजिम हुनेछ ।

**५८. महसुलमा छुट तथा मिनाहा:** (१) उपमहानगरपालिकाले अनुमति दिंदाको अवस्थामा गरेको सम्झौता अनुरुप सम्बन्धित सेवा प्रदायकले सेवा शुल्क तथा महसुल तिर्न नसक्ने अति विपन्न व्यक्ति तथा परिवारलाई महसुल तथा शुल्क मा छुट वा मिनाहा दिन सक्नेछ ।

**स्पष्टिकरण:** विपन्न व्यक्ति तथा परिवार भन्नाले नेपाल सरकारले नेपाल राजपत्रमा प्रकाशित गरी तोकिएको अवस्थामा सो भन्दा कम नहुने गरी र अन्य अवस्थामा उपमहानगरपालिकाले स्थानीय राजपत्रमा तोकिएबमाजिमको आय भन्दा कम आय भएको व्यक्ति तथा परिवार सम्झनु पर्दछ ।

(२) महसुल तथा शुल्कमा छुट पाउनको लागि सम्बन्धित उपभोक्ताले वडा समितिको सिफारिसका साथ सेवा प्रदायक निकायको व्यवस्थापक समक्ष निवेदन गर्नु पर्ने छ ।

(३) उपदफा (२) बमोजिमको निवेदन वापत कुनै शुल्क लाग्ने छैन ।

**५९. विपन्न व्यक्ति वा परिवारलाई खानेपानी तथा सरसफाइका लागि अनुदान तथा सहयोग:** (१) नगर कार्यपालिकाले निर्णय गरी विपन्न व्यक्ति वा परिवारलाई शौचालय तथा सेफ्टी ट्यांक निर्माण गर्न, धारा जडान गर्न वा खानेपानीको बन्दोवस्त गर्नका लागि आफै वा कुनै सेवा प्रदायकमार्फत

गरिबीको स्तर हेरी तोकिएबमोजिम लाग्ने कुल खर्चको बढीमा ६० प्रतिशत सम्म जिन्सी तथा नगद अनुदान दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुदान दिंदा पनि बाँकी खर्च व्यहोर्न नसक्ने विपन्न व्यक्ति तथा परिवारको हकमा श्रम मार्फत चुक्ता हुने व्यवस्था गर्न वा असक्त व्यक्तिको हकमा शत प्रतिशत अनुदान दिन सक्नेछ ।

६०. **महसुल निर्धारण समितिको गठनः** (१) संघीय कानून तथा यो ऐन बमोजिम स्थानीय तहले निर्धारण गर्न पाउने खानेपानी तथा सरसफाइ सेवाको धरौटी, महसुल तथा शुल्कहरु निर्धारण गर्नको लागि नगर कार्यपालिकाले देहाय बमोजिमको महसुल निर्धारण समिति गठन गर्न सक्नेछः

| | |
|---|---|
| (क) नगर प्रमुख | संयोजक |
| (ख) नगर उपप्रमुख | सहसंयोजक |
| (ग) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| (ग) तोकिएको विषयहरुमध्ये कुनै विषयमा कम्तीमा स्नातक तह सम्मको योग्यता भई खानेपानी तथा सरसफाइको क्षेत्रमा अनुभव भएको नगर प्रमुखले मनोनित गरेको एक जना महिला सहित दुई जना | सदस्य |
| (घ) नगरस्तरीय खानेपानी तथा सरसफाई उपभोक्ता संघ/महासंघको प्रतिनिधि | सदस्य |
| (ङ) नगर कार्यपालिकाले मनोनित गरेको खानेपानी तथा सरसफाइ क्षेत्रमा अनुभवी महिला एकजना | सदस्य |
| (च) उपमहानगरपालिकाको इन्जिनियरहरुमध्ये उपमहानगरपालिकाले मनोनित गरेको इन्जिनियर एकजना | सदस्य |
| (छ) खानेपानी विषय हेर्ने महाशाखा/शाखाको प्रमुख | सदस्य सचिव |

(२) उपदफा (१) बमोजिम समिति गठन गर्दा कम्तीमा ३ जना महिला हुने गरी गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम गठित समितिले महसुल निर्धारण गर्नका लागि संघीय खानेपानी तथा सरसफाइसम्बन्धी कानून तथा संघीय खानेपानी तथा सरसफाइको महसुल निर्धारण आयोगले तोकेका आधार र तरिकालाई ध्यानमा राखी महसुल निर्धारण गर्नेछ ।

(४) महसुल निर्धारण समितिले प्रचलित कानूनमा तोकिएका आधारहरुका अतिरिक्त प्रदान गरिने खानेपानीको गुणस्तर,पर्याप्तता र नियमितता आदि जस्ता कुरालाई पनि आधार बनाउने छ ।

(५) यो ऐन प्रारम्भ हुनु अघि देखि नै सेवा प्रदान गरिरहेका सेवा प्रदायकहरुले यो ऐन बमोजिम समिति गठन भएको मितिले एक वर्ष भित्र आफूले उठाइरहेको महसुल अनुमोदन गराउन वा पुनर्निधारण गर्नको लागि निवेदन दिनु पर्नेछ ।

(६) उपदफा (१) बमोजिम महसुल निर्धारण समिति गठन नभएसम्म अनुमति प्राप्त संस्थाले तोकिएबमोजिमको शुल्क उठाउन कुनै बाधा पर्ने छैन ।

(७) नेपाल सरकारबाट अनुमति पाएका सेवा प्रदायकको हकमा यो दफा लागू हुने छैन ।

६१. **महशुल निर्धारण समितिको बैठकः** (१) महसुल वा शुल्क निर्धारणका लागि निवेदन परेपछि संयोजकको सुझाव अनुसार सदस्य सचिवले तोकेको मितिमा बैठक बस्नेछ ।

(२) बहुमत सदस्यको उपस्थिति भएमा आयोगको बैठक बस्न सक्नेछ ।

(३) समितिले आफ्नो निर्णय सर्वसम्मतिले गर्ने छ, सर्वसम्मत हुन नसकेमा बहुमतबाट निर्णय गरिनेछ र मत बराबर भएको अवस्थामा मात्र संयोजकले निर्णायक मत दिन सक्नेछ ।

(४) ऐन अन्तर्गतको कार्यविधि बनी लागू नभएसम्म समितिले आफ्नो बैठक तथा कामकारवाही सम्बन्धी कार्यविधि आफै निर्धारण गर्न सक्नेछ ।

**६२. महसुल निर्धारण समितिका सदस्यहरुको पदावधि तथा सेवा सुविधाः** (१) महसुल निर्धारण समितिका मनोनित सदस्यहरुको पदावधि तीन वर्षको हुनेछ ।

(२) समतिका सदस्यहरु पुनर्नियुक्ति हुन सक्नेछ ।

(३) महसुल निर्धारण समितिका संयोजक तथा सदस्यहरुले नगर कार्यपालिकाबाट तोकिए बमोजिमको बैठक भत्ता पाउने छन् ।

**६३. महसुल निर्धारण समितिको सदस्यको योग्यता र अयोग्यताः** (१) महसुल निर्धारण समितिको सदस्य हुन देहाय बमोजिमको योग्यता हुनु पर्ने छ :

(क) नेपाली नागरिक,

(ख) कम्तीमा २५ वर्ष उमेर पुरा भई ६५ वर्ष ननाघेको, र

(ग) अर्थशास्त्र, बाणिज्य शास्त्र, इन्जिनियरिङ्ग वा कानून विषयमा स्नातक गरेको ।

(२) उपमहानगरपालिकाको निर्वाचित पदाधिकारी तथा कर्मचारी सदस्यको हकमा निजहरुको पद नै योग्यताको आधार हुनेछ,

(३) आर्थिक अनियमितता, खराव आचरण वा नैतिक पतन देखिने फौजदारी अभियोगमा कसुरदार ठहरी सजाय पाएको व्यक्ति समितिको सदस्य हुन योग्य हुनेछैन् ।

**<u>स्पष्टिकरणः</u>** नैतिक पतन देखिने फौजदारी अपराध भन्नाले भ्रष्टाचार, कर्तव्य ज्यान, जवर्जस्ती करणी, मानव बेचविखन तथा ओसारपसार, लागू औषध प्रयोग, भण्डारण, बिक्री वितरण, सम्पत्ति शुद्धिकरण, बन्यजन्तुको ओसार पसार, संगठित अपराध, अपहरण, राहदानी दुरुपयोग, ठगी आदि तथा अन्य प्रचलित कानून वा अदालतले नैतिक पतन देखिने फौजदारी कसूर भनी तोकिएका अन्य अपराधहरुलाई समेत बुझाउनेछ ।

(४) अनुमति प्राप्त संस्थासँग स्वार्थ जोडिएको व्यक्ति त्यस्तो संस्थाको महसुल निर्धारण गर्ने प्रयोजनका लागि सदस्य हुन सक्ने छैन ।

(५) कुनै पद विशेषका व्यक्तिको स्वार्थ जोडिएका अवस्थामा नगर कार्यपालिकाले निर्णय गरी सो संस्थाको हकमा निर्णय गर्नको लागि मात्र निजको सट्टा अर्को सदस्य तोक्न सक्नेछ ।

**६४. महसुल निर्धारण समितिको काम, कर्तव्य र अधिकारः** (१) महसुल निर्धारण समितिको काम, कर्तव्य र अधिकार प्रचलित नेपाल कानूनको अधीनमा रहने गरी देहायबमोजिम हुनेछः

(क) खानेपानी तथा ढल सेवाको जडान शुल्क तथा उपभोक्ताले जम्मा गर्नुपर्ने धरौटी रकम निर्धारण गर्ने,

(ख) खानेपानी तथा सरसफाइ सेवाको महसुल निर्धारण गर्ने,

(ग) तोकिएको समयमा महसुल नबुझाएको अवस्थामा सेवाग्राहीले सेवा प्रदायकलाई तिर्नु पर्ने विलम्ब शुल्क निर्धारण गर्ने,

(घ) टयाङ्करबाट खानेपानी तथा सरसफाइ सेवा प्रदान गर्नका लागि उपमहानगरपालिकाबाट अनुमति प्राप्त गरेका व्यवसायीहरुले लिन पाउने शुल्क निर्धारण गर्ने,

(ङ) समान गुणस्तर तथा परिमाणका सेवा प्रदान गर्ने सेवा प्रदायकहरुले लिने महसुल तथा शुल्कमा एकरुपता ल्याउन आवश्यकता अनुसार उपमहानगरपालिकाले चाल्नु पर्ने कदमका लागि सुझाव दिने ।

(२) समितिले धरौटी, महसुल तथा शुल्क निर्धारण गर्दा उपभोक्ताको आधारभूत अधिकारहरुमा आँच नआउने गरी प्रचलित कानूनको अधिनमा रही गर्नु पर्नेछ ।

(३) समितिले धरौटी, जडान खर्च, महशुल तथा शुल्कहरु निर्धारण गर्दा अनुमति प्राप्त संस्थाहरुले लिने महसुल तथा शुल्कमा सकेसम्म एकरुपता ल्याउने गरी गर्नु पर्नेछ ।

६५. **महसुल निर्धारण पक्रियाः** (१) अनुमति प्राप्त संस्थाले प्रचलित कानूनले तोकेका आधारमा आफूले वितरण गर्ने सेवाको प्रकृति तथा गुणस्तर र आफूले कायम गर्न चाहेको धरौटी, महसुल, जडान शुल्क तथा अन्य शुल्कहरु प्रस्ताव गरी तोकिएको दस्तुर तिरेको नगदी रसीदका साथ महसुल निर्धारण गरि पाउनका लागि सम्बन्धित शाखा मार्फत समिति समक्ष निवेदन गर्नु पर्नेछ ।

(२) निवेदन परेपछि समितिले सो निवेदन उपर छानबीन गरी अनुमति प्राप्त संस्थाको प्रस्ताव उचित ठहरिए सोही बमोजिम र सो भन्दा कम गर्नु पर्ने देखिए आधार तथा कारण खोली धरौटी, महसुल जडान शुल्क वा अन्य शुल्क निर्धारण गर्नु पर्नेछ ।

(३) महसुल निर्धारण समितिले निर्धारण गरिदिएको महसुलमा चित्त नबुझेमा चित्त नबुझ्ने पक्षले नगर कार्यपालिकामा निवेदन दिन सक्नेछ ।

(४) कार्यपालिकाले निवेदक तथा महसुल निर्धारण आयोगका सदस्यहरुसँग छलफल गरी उचित निकास दिन सक्नेछ ।

## परिच्छेद-७

## सार्वजनिक शौंचालय, व्यक्तिगत सरसफाइ तथा स्वच्छतासम्बन्धी व्यवस्थाहरु

६६. **सार्वजनिक शौंचालयः** (१) उपमहानगरपालिकाले सार्वजनिक चहलपहल बढी हुने स्थानहरुमा सार्वजनिक शौंचालय निर्माण गरी, गराई कुनै संगठित संस्थालाई सञ्चालन तथा व्यवस्थापन करारमा दिन सक्नेछ ।

(२) सार्वजनिक शौंचालय निर्माणका लागि जग्गा उपलब्ध हुन नसक्ने स्थानहरुमा सार्वजनिक कार्यालय, आम मानिसहरुको आवतजावत हुने व्यापारिक तथा व्यावसायिक भवन, पेट्रोलपम्प, होटल लगायतका स्थानहरुमा उपमहानगरपालिकाले सम्झौता वा अनुरोध गरी त्यहाँ भएका शौचालयहरु यथावत रुपमा वा आवश्यक सुधार वा शौंचालय संख्या थप गरी गराई सार्वजनिक प्रयोगका लागि खुला गराउन सक्नेछ ।

(३) सार्वजनिक शौंचालयको सञ्चालन तथा व्यवस्थापनको लागि थप व्यवस्था यो ऐन अन्तर्गत बन्ने नियम, कार्यविधि, निर्देशिका, मापदण्ड वा करारमा उल्लेख गर्न सकिने छ ।

(४) सार्वजनिक शौंचालयको सरसफाइ तथा सामान्य मर्मत सम्भारको दायित्व करारमा लिने पक्षको हुनेछ ।

(५) सार्वजनिक शौंचालयले लिने शुल्क उपलब्ध सेवा तथा सरसफाइ आदिको अनुगमन गरी उपमहानगरपालिकाले स्वीकृत गरेबमोजिम हुनेछ ।

**६७. सार्वजनिक शौंचालय समावेशी हुनुपर्ने:** (१) नयाँ सार्वजनिक शौंचालय निर्माण गर्दा अपाङ्ग तथा बालमैत्री हुनुका साथै सम्भव भएसम्म महिला, पुरुष र साझा रुपमा प्रयोग गर्न मिल्ने गरी छुट्टाछुट्टै वा कम्तीमा पनि एउटा साझा र महिलाका लागि अलग शौंचालय हुने गरी गर्नु पर्ने छ ।

(२) सम्भव भएसम्म भइरहेका सार्वजनिक शौंचालयहरुलाई पनि उपदफा (१) बमोजिम हुने गरी सुधार गरिनेछ ।

(३) व्यापारिक, व्यावसायिक तथा सार्वजनिक भवनहरुमा पनि उपदफा (१) बमोजिम हुने गरी शौंचालयहरु निर्माण तथा सुधार गर्न प्रेरित गरिनेछ ।

**६८. सामुदायिक धारा, शौचालय तथा स्नानघर:** (१) सेफ्टी ट्यांक सहितको शौंचालय बनाउन पर्याप्त जग्गा नभएको वा कमजोर आर्थिक अवस्थाको कारण धारा, चर्पी, शौंचालय तथा स्नानघर बनाउन नसक्ने विपन्न समुदायमा उपमहानगरपालिकाले सामुदायिक धारा, शौचालय तथा स्नानघर निर्माण गरी उपभोक्ता संस्था दर्ता गर्न लगाई हस्तान्तरण गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निर्माण गरी हस्तान्तरण गरिएका धारा, शौचालय वा स्नानघरको संरक्षण, सरसफाइ, मर्मत सम्भारको जिम्मेवारी सम्बन्धित उपभोक्ता संस्थाको हुनेछ ।

(३) उपदफा (२) बमोजिम निर्मित संरचनाहरुको मर्मत सम्भार गर्न उपभोक्ता संस्थाको स्रोत अपर्याप्त भएमा उपमहानगरपालिकाले आवश्यक सहयोग गर्न सक्नेछ ।

**६९. व्यक्तिगत सरसफाइ तथा स्वच्छता प्रवर्द्धन:** (१) उपमहानगरपालिकाले आफै वा संघीय सरकार, प्रदेश सरकारसँगको साझेदारी तथा संघ-संस्थाको समन्वयमा व्यक्तिगत सरसफाइ तथा स्वच्छताको प्रवर्द्धनका लागि आवश्यक कार्यहरु गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको कार्य गर्दा उपमहानगरपालिकाले खानेपानी तथा सरसफाइ उपभोक्ता समिति तथा खानेपानी, सरसफाइ तथा स्वच्छताको क्षेत्रमा कार्यरत वा कार्य गर्न इच्छुक गैरसरकारी संस्था, सहकारी संस्था वा निजी क्षेत्रका संस्थाहरु परिचालन गर्न वा त्यस्ता संस्थाहरुसँग साझेदारीमा चेतनामूलक कार्यक्रमहरु संचालन गर्न एवं व्यक्ति तथा संस्थाहरुलाई आवश्यक संरचनाहरु निर्माण गर्न प्रोत्साहित गर्नका लागि आवश्यक अनुदान सहायता उपलब्ध गराउन सक्नेछ ।

(३) उपमहानगरपालिकामा अवस्थित स्वास्थ्य संस्था, विद्यालय तथा अन्य सार्वजनिक कार्यालयका भइरहेका भवनमा तथा नयाँ निर्माण गरिने भवनहरुमा उपभोक्तामैत्री समावेशी शौचालय तथा साबुन पानीले हात धुने व्यवस्था गर्नु पर्नेछ ।

(४) सार्वजनिक स्थान, विद्यालय तथा स्वास्थ्य संस्थामा उपदफा (३) बमोजिमको व्यवस्था गर्नका लागि उपमहानगरपालिकाकाले नेपाल सरकारले तयार गरेका मापदण्ड वा निर्देशिका कार्यान्वयन गर्न, त्यस्ता मापदण्ड वा निर्देशिका अनुरुप कार्यविधि तयार गर्न तथा आवश्यक संरचना निर्माणका लागि सहयोग उपलब्ध गराउन सक्नेछ ।

## परिच्छेद-८
## विविध

**७०. समन्वय गर्नु पर्ने:** उपमहानगरपालिकाको अनुमति लिई निर्माण भएका वा सञ्चालन तथा व्यवस्थापन गरिएका संरचनाहरुमा प्रतिकूल असर पर्ने गरी नगर क्षेत्रमा सार्वजनिक निर्माण गर्दा

वा खानेपानी तथा सरसफाइ सम्बन्धी कुनै आयोजना सञ्चालन गर्नुपर्ने भएमा योजना निर्माणको समय देखि नै सम्बन्धित निकायले उपमहानगरपालिकासँग समन्वय गर्नु पर्नेछ ।

**७१. विपद् उत्थानशील संरचना निर्माण गर्नु पर्नेः** अनुमति प्राप्त संस्थाले आवश्यक संरचना तथा सेवा प्रणालीहरु निर्माण गर्दा उपमहानगरपालिकाले तोकेको मापदण्ड बमोजिम भूकम्प प्रतिरोधी तथा विपद् उत्थानशील हुने गरी गर्नु पर्नेछ ।

**७२. पानीको स्रोत संरक्षण तथा पुनरभरणको व्यवस्थाः** (१) उपमहानगरपालिकाले पानीको स्रोत संरक्षण तथा पुनरभरणका लागि पोखरी निर्माण गर्ने, ताल तलैयाको संरक्षण गर्ने तथा ठूलाठूला घर निर्माण गर्ने घरधनी वा सरकारी वा गैरसरकारी संस्थाहरुलाई छतबाट झर्ने वर्षातको पानी संकलन गरी जमीनमा अवशोषण गराउने प्रणाली राख्न लगाउन सक्नेछ ।

(२) उपमहानगरपालिकाले वर्षातको पानी अवशोषण हुन नसक्ने गरी जमीनमा जथाभावी कंक्रिट ढलान साथै प्लाष्टर गर्ने कार्यलाई निरुत्साहित गर्न आवश्यक कदम चाल्न सक्नेछ ।

(३) उपमहानगरपालिकाले जलाधार वा पानीको स्रोतमा प्रतिकूल असर नपर्ने सुनिश्चित गरी ठूला-ठूला निर्माण कार्यको अनुमति दिनेछ ।

(४) पानीको स्रोत संरक्षणका गर्ने उद्देश्यले बाढी पहिरो नियन्त्रण लगायतका कार्य गर्न उपयुक्त कदम चाल्नुका साथै उपमहानगरपालिकाले नागरिकहरुलाई आवश्यक निर्देशन तथा सूचनाहरु दिन सक्नेछ ।

**७३. खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिः** (१) नगरक्षेत्र भित्र खानेपानी, सरसफाइ तथा स्वच्छतासम्बन्धी विषयमा काम गरिरहेका संघ संस्थाहरुबीच प्रभावकारी ढङ्गबाट समन्वय गर्न, उपमहानगरपालिकालाई उक्त विषयमा सल्लाह तथा सुझाव दिन तथा सूचनाको आदान प्रदान गर्ने उद्देश्यले उपमहानगरपालिकाले खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति गठन गर्न सक्नेछ ।

(२) समन्वय समितिमा देहाय बमोजिमका सदस्यहरु रहने छन्:

| | |
|---|---|
| (क) नगर प्रमुख वा निजको अनुपस्थितिमा उपप्रमुख | संयोजक |
| (ख) नगर उपप्रमुख | सहसंयोजक |
| (ग) सम्बन्धित विषयगत समितिका संयोजक | सदस्य |
| (घ) नगरक्षेत्रमा खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रमा कार्यरत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरुमध्ये नगर प्रमुखले मानोनित गरेका एकजना महिला सहित २ जना प्रतिनिधिहरु | सदस्य |
| (ङ) नगर क्षेत्रमा कार्यरत खानेपानी तथा सरसफाइ उपभोक्ता समितिहरुको संघ भएमा त्यस्ता संघको सिफारिसमा एक जना महिला सहित २ जना प्रतिनिधि वा नगरक्षेत्रमा कार्यरत उपभोक्ता समितिका सदस्य मध्येबाट नगर प्रमुखले उपयुक्त ठहराएका कम्तीमा एक जना महिला सहित २ जना प्रतिनिधि | सदस्य |
| (च) नगरपालिकामा कार्यरत नेपाल सरकारबाट अनुमति प्राप्त सेवा प्रदायकका प्रतिनिधि | सदस्य |
| (छ) प्रमुख प्रशासकीय अधिकृत | सदस्य सचिव |

(३) उपमहानगरपालिकाले आवश्यक ठहराएका अन्य संस्थाका प्रतिनिधि वा विशेषज्ञहरुलाई पनि समन्वय समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(४) समन्वय समितिको अन्य काम, कर्तव्य र अधिकार तथा बैठक सञ्चालनसम्बन्धी प्रकृया यो ऐन अन्तर्गत बन्ने कार्यविधि बमोजिम हुनेछ ।

(५) समन्वय समितिको बैठकको निर्णय सर्वसम्मतिबाट हुनेछ । सर्वसम्मत हुन नसकेमा बहुमतका आधारमा निर्णय गरिनेछ । बैठक सञ्चालनसम्बन्धी कार्यविधि समन्वय समितिले आफै निर्धारण गरेबमोजिम हुनेछ ।

(६) प्रत्येक वडाका वडाध्यक्षको अध्यक्षतामा वडाको खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रमा कार्यरत सेवा प्रदायकहरु तथा सो क्षेत्रमा काम गर्ने संघसंस्थाहरु समावेश गरी आपसी समन्वय तथा सूचना आदान प्रदानका लागि बढीमा ७ जना सम्मको वडास्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति गठन गर्न सकिने छ ।

(७) वडास्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति सम्बन्धी व्यवस्था यो ऐन र अन्तर्गत बन्ने नियम, कार्यविधि अनुरुप हुनेछ । अन्यथा व्यवस्था नभएसम्म यस्तो समितिको बैठकसम्बन्धी कार्यविधि समन्वय समितिले तोकेबमोजिम हुनेछ ।

७४. **खानेपानी तथा सरसफाइ उपभोक्ता समितिको क्षमता अभिबृद्धिः** (१) उपमहानगरपालिकाले आवश्यकता अनुसार खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाको क्षमता अभिबृद्धिका लागि तालिम, गोष्ठी वा अभिमुखीकरण कार्यक्रमहरु सञ्चालन गर्न वा गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम क्षमता अभिबृद्धि कार्यक्रम आयोजना गर्दा उपभोक्ता संस्थाहरुको कमी कमजोरी हटाउने तथा समस्याहरुको निराकरणको उद्देश्यले गर्नु पर्नेछ र सहभागी छनौट गर्दा महिला तथा पछाडि परेका वर्ग वा समुदायका व्यक्तिहरुको प्रतिनिधित्व हुनेगरी गर्नु पर्नेछ ।

७५. **उजुरी दिन सक्नेः** (१) उपभोक्ताले सेवा उपयोग गर्दा कुनै कुरामा चित्त नबुझे अनुमति प्राप्त संस्थाको व्यवस्थापक समक्ष लिखित गुनासो, उजुर वा निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको गुनासो, उजूर वा निवेदन उपर सेवा प्रदायकले गरेको निर्णयमा चित्त नबुझेमा उपभोक्ताले उपमहानगरपालिकामा सो कुरा खुलाई उजुर गर्न सक्ने छ ।

(३) उपदफा (१) बमोजिमको उजुरी मनासिव देखिएमा प्रमुख प्रशासकीय अधिकृतले सेवा प्रदायकलाई आवश्यक निर्देशन वा आदेश दिन सक्नेछ । यस्तो आदेश वा निर्देशन कार्यान्वयन गर्नु सम्बन्धित सेवा प्रदायकको कर्तव्य हुनेछ ।

(४) उपदफा (२) बमोजिम उपमहानगरपालिकाले दिएको आदेश वा निर्देशन उपर चित्त नबुझेमा सेवा प्रदायकले विवादको बैकल्पिक समाधानका उपाय अपनाउन सक्नेछ ।

७६. **विवाद समाधान सम्बन्धी व्यवस्थाः** (१) खानेपानी तथा सरसफाइ सेवा प्रदायक तथा सेवाग्राही बीच कुनै विवाद उत्पन्न भएमा सम्बन्धित पक्षले न्यायिक समितिमा उजुरी वा निवेदन दिन सक्नेछ ।

(२) उपमहानगरपालिकाको न्यायिक समितिबाट विवाद समाधान नभएमा कानून बमोजिम सम्बन्धित निकायमा जान सक्नेछ ।

**७७. कसूर तथा सजाय:** (१) कसैले अनुमति नलिई खानेपानी तथा सरसफाइ सेवा सञ्चालन गरेमा वा अनुमति नलिई सेवा प्रणालीको निर्माण तथा आयोजना सञ्चालन वा विस्तार गरेकोमा एक लाख रुपैयासम्म जरिवाना गर्न सकिने छ ।

(२) अनुमति प्राप्त संस्थाले तोकिए बमोजिमको सेवा उपलब्ध नगराएमा वा तोकिएको गुणस्तर बमोजिमको खानेपानी आपूर्ति नगरेमा वा स्वीकृत दर भन्दा बढी महसुल लिएमा पचास हजार रुपैयासम्म जरिवाना गर्न सकिनेछ र तोकिएभन्दा बढी लिएको रकम उपभोक्ताहरुलाई फिर्ता गर्न वा आगामी महिनाहरुमा हिसाब मिलान गर्न लगाउन सकिनेछ ।

(३) कसैले जलाधार भित्र वा जलाशयमा रहेको पानी प्रदूषित गरेमा, खानेपानी तथा सरसफाइ सेवा, आयोजना वा सेवा प्रणालीको कुनै संरचना वा जडित पाइप वा अन्य उपकरण बिगारे वा नष्ट गरेमा एक लाख रुपैयासम्म जरिवाना गर्न सकिने छ र क्षतिको मूल्याङ्कन गरी प्रभावित पक्षहरुलाई ऐन बमोजिम क्षतिपूर्ति तिर्न लगाउन सकिने छ ।

(४) कसैले मापदण्ड विपरीत मानव मलमूत्र सहित वा रहित फोहर पानी उपमहानगरपालिकाले विकास गरेको ढल निकास प्रणालीमा वा सोझै नदी, खोला, खोल्सा, ताल, जलाशय, पोखरी, खुलास्थान वा सार्वजनिक स्थानमा पठाए वा विसर्जन गरेमा पचास हजार रुपैयासम्म जरिवाना गर्न सकिनेछ र त्यस्तो दिसाजन्य लेदो पदार्थ वा फोहर पानीको सुरक्षित व्यवस्थापन गर्न लगाउन सकिनेछ ।

(५) माथि उल्लेख गरिएबाहेक यो ऐन बमोजिम गर्नु पर्ने काम नगरेको र नगर्नु पर्ने काम गरेकोमा दश हजार रुपैयासम्म जरिवाना गर्न सकिनेछ ।

(६) यो दफाका विभिन्न उपदफाहरुमा जुनसुकै कुरा लेखिएका भए तापनि प्रचलित नेपाल कानून वा बागमती प्रदेश कानूनले तोकेबमोजिम हुने कसूर, कसूरको अनुसन्धान, सजाय तथा क्षतिपूर्तिको हकमा सोही बमोजिम हुने छ ।

(७) यो ऐन बमोजिम कसूर हुने कार्य प्रचलित नेपाल कानून बमोजिम समेत कसूर हुने भएमा छुट्टै मुद्दा चलाउन सकिने छ ।

**७८. नियम बनाउन सक्ने:** उपमहानगरपालिकाले यो ऐनको कार्यान्वयनको लागि आवश्यक नियम बनाउन सक्नेछ ।

**७९. अनुसूचीमा थपघट:** उपमहानगरपालिकाले राजपत्रमा सूचना प्रकाशित गरी यो ऐनको अनुसूचीमा आवश्यकता अनुसार संशोधन वा परिमार्जन गर्न सक्नेछ ।

**८०. कार्यविधि, निर्देशिका, मापदण्ड, मार्गदर्शन बनाउन सक्ने:** (१) उपमहानगरपालिकाले यो ऐन कार्यान्वयन गर्नको लागि आवश्यक कार्यविधि, निर्देशिका, मापदण्ड, मार्गदर्शन तयार गरी कर्यान्वयन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम तयार गरिने कार्यविधि, निर्देशिका, मापदण्ड, मार्गदर्शनमा ऐनमा अन्यत्र उल्लेख भएका विषयका अतिरिक्त खानेपानी, सरसफाइ तथा स्वच्छतासम्बन्धी संरचना तथा सेवा प्रणाली निर्माण, विस्तार, मर्मत सम्भार, सचेतना लगायत विभिन्न कार्यमा दिइने अनुदान व्यवस्थित गर्न मापदण्ड तोक्न सक्नेछ ।

**८१. अनुमति प्राप्त संस्थाले विवरण अद्यावधिक राख्नु पर्नेः** (१) अनुमति प्राप्त संस्थाहरुले निर्माण गरिएका संरचना तथा सेवा प्रणालीहरु, जडान गरिएका उपकरणहरु, प्रयोग गरिएका खानेपानीका स्रोत, संस्थाका सम्पत्ति तथा आय-व्ययका विवरणहरु अद्यावधिक गरिराख्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमका विवरणहरु उपमहानगरपालिकाबाट माग भएका बखत उपलब्ध गराउनु पर्नेछ ।

**८२. हेटौंडा खानेपानी व्यवस्थापन बोर्डसँगको सम्बन्धः** (१) संघीय सरकारबाट जारी भएको खानेपानी व्यवस्थापन बोर्ड ऐन, २०६३ बमोजिम गठन भएको हेटौंडा खानेपानी व्यवस्थापन बोर्डले उपलब्ध गराएको खानेपानी सेवा यसै उपमहानगरपालिकाबाट उपलब्ध गराएको सेवा भित्र लिइनेछ ।

(२) उपमहानगरपालिकाबाट हेटौंडा खानेपानी व्यवस्थापन बोर्डलाई उपलब्ध गराउने अनुदान यसै ऐन बमोजिम उपलब्ध गराएको मानिनेछ ।

(३) हेटौंडा खानेपानी व्यवस्थापन बोर्डबाट सेवा लिईरहेका उपभोक्ताहरु जसले १० हजार लिटर मात्र खानेपानी खपत गर्ने नगरबासीलाई उपमहानगरपालिकाले तिरिदिएको खानेपानी महसुल यसै ऐन बमोजिम तिरेको मानिनेछ ।

(४) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि हेटौंडा नगर क्षेत्रभित्र रहेका खानेपानी उपभोक्ता समितिहरुलाई खानेपानी व्यवस्थापन बोर्डमा समाहित भई खानेपानी सेवा आपूर्ति गर्नलाई प्रोत्साहित गरिनेछ । साथै खानेपानी व्यवस्थापन बोर्डमा समाहित भए पश्चात मात्र त्यस्ता उपभोक्ता समितिका सेवाग्राहीहरुलाई उपदफा (३) बमोजिमको सहुलियत उपमहानगरपालिकाबाट उपलब्ध गराइनेछ ।

**८३. खारेजी र बचाऊः** (१) यो ऐनमा लेखिएका कुराहरु प्रचलित संघीय वा बागमती प्रदेश कानूनसँग नबाझिएको हदसम्म यसै ऐन बमोजिम हुनेछ ।

(२) यो ऐनमा उल्लेख नभएका कुराहरुको हकमा प्रचलित संघीय तथा बागमती प्रदेशको कानून बमोजिम हुनेछ ।

## अनुसूची-१
## दफा ६ को उपदफा (२) को खण्ड (क) सँग सम्बन्धित

### उपभोक्ता संस्थाको विधानमा खुलाउनु पर्ने कुराहरु

१. उपभोक्ता समितिको नाम र ठेगाना, छाप, संस्था अवच्छिन्न उत्तराधिकार भएको संगठित संस्था हुने कुरा
२. परिभाषिक शब्दावलीहरुको अर्थ
३. संस्थाको उद्देश्य
४. सदस्यता सम्बन्धी व्यवस्थाहरु- सदस्यको योग्यता र अयोग्यता, सदस्यता शुल्क, सदस्यता प्रदान गर्ने विधि आदि
५. साधारण सभासम्बन्धी व्यवस्था- साधारण सभाको गठन, अधिवेशन तथा विशेष अधिवेशन, साधारण सभाको काम, कर्तव्य तथा अधिकार आदि
६. कार्य समिति वा उपभोक्ता समितिको गठन, पद रिक्त हुने अवस्था तथा पदपूर्ति गर्ने तरिका, बैठक, निर्णय प्रकृया तथा गणपूरक संख्या, उपभोक्ता समितिको काम, कर्तव्य र अधिकार, पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार
७. निर्वाचनसम्बन्धी व्यवस्था- निर्वाचन अधिकृतको नियुक्ति, निर्वाचनको कार्यविधि, उम्मेदवारको योग्यता आदि
८. अविश्वासको प्रस्तावसम्बन्धी व्यवस्थाहरु
९. कर्मचारीसम्बन्धी व्यवस्था- व्यवस्थापक तथा अन्य कर्मचारीहरु नियुक्त गर्ने प्रक्रिया
१०. आर्थिक स्रोत, कोष तथा तिनको सञ्चालन सम्बन्धी व्यवस्था तथा चल, अचल सम्पत्तिको विवरण दुरुस्त राख्ने कुराहरु
११. लेखापरीक्षण तथा अन्य आन्तरिक नियन्त्रण प्रणाली तथा जवाफदेहिता सुनिश्चित गर्ने उपायहरु
१२. विधान संशोधनसम्बन्धी व्यवस्थाहरु
१३. कर्मचारी प्रशासन, आर्थिक व्यवस्थापन तथा जवाफदेही ढङ्गबाट सेवा सञ्चालन गर्न लगायतका कार्यका लागि विनियम बनाउन सक्ने कुराहरु
१४. संस्था खारेजी तथा अन्य संस्थासँग गाभिन सक्नेसम्बन्धी व्यवस्था तथा यसको परिणाम,
१५. अन्य आवश्यक कुराहरु ।

**अनुसूची-२**
**दफा ७ को उपदफा (१) सँग सम्बन्धित**

## उपभोक्ता संस्था दर्ता प्रमाणपत्र

दर्ता नं. र दर्ता वर्ष .........................

दर्ता मितिः ........................

श्री .....................................

..........................................

तपाईले मिति ................ मा दिनुभएको निवेदनबमोजिम उपभोक्ता संस्था दर्ता गरी देहाय बमोजिमका कार्यहरु देहाय बमोजिमको शर्तको अधीनमा रही गर्न पाउने गरी हेटौंडा उपमहानगरपालिका खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी ऐन, २०८१ को दफा ७ को उपदफा (१) बमोजिम यो उपभोक्ता संस्था दर्ता प्रमाणपत्र प्रदान गरिएको छ।

१. उपभोक्ता संस्थाको नाम र ठेगाना : ..........................................................................

२. उपभोक्ता संस्थाको उद्देश्य : ..................................................................................

३. उपभोक्ता संस्थाले सञ्चालन गर्ने परियोजनाको नाम :......................................................

४. सेवा क्षेत्र, लाभान्वित हुने जनसंख्या वा घरधुरी : .............................................................

५. खानेपानी आयोजनाको हकमा :

(क) खानेपानी वितरणको लागि प्रयोग गर्न चाहेको स्रोत वा मुहान :

जिल्ला :................. उपमहानगरपालिका : ............... वडा नं. ............ टोल :.........

मुहानको विवरणः ...............................................................................

(ख) स्रोतमा उपलब्ध पानीको परिमाण : ..................................................................

(ग) स्रोतबाट उपयोग गर्ने पानीको परिमाण : ..........................................................

६. सरसफाइ आयोजनाको हकमा :

(क) दिसाजन्य लेदो पदार्थ तथा फोहर पानी विसर्जन गर्ने स्थानः

जिल्ला :................. उपमहानगरपालिका : ............... वडा नं. ............ टोल :.........

(ख) दिसाजन्य लेदो पदार्थ तथा फोहर पानी विसर्जन गर्ने स्थान सम्म लाने उपाय :

..........................................................................................................

(ग) दिसाजन्य लेदो वा फोहर पानीको सुरक्षित विसर्जन वा पुनरप्रयोग गर्ने उपाय (ढल वा टयांकर के बाट ढुवानी गर्ने हो र कसरी सुरक्षित ढङ्गबाट विसर्जन गरिने हो सो उल्लेख गर्ने) : ..........................................................................................

(घ) दिसाजन्य लेदो वा फोहर पानीको अनुमानित परिमाणः ................................

७. उपभोक्ता संस्थाले पालना गर्नु पर्ने मुख्य शर्तहरु :

(क) ......................................................................

(ख) ......................................................................

(ग) ......................................................................

(घ) ......................................................................

(ङ) ......................................................................

प्रमाणपत्र दिने अधिकारी

...............................

(सही र कार्यालयको छाप)

नाम :

पद :

मिति :

कार्यालयः हेटौंडा उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय, हेटौंडा, मकवानपुर ।

हेटौंडा राजपत्र

## अनुसूची-३
## दफा २७ को उपदफा (१) सँग सम्बन्धित

## खानेपानीको स्रोत सर्वेक्षणको लागि प्रदान गरिने अनुमतिपत्र

अनुमतिपत्र संख्या र अनुमति प्रदान गरिएको वर्ष :

श्री ............................

.....................................

तपाईले देहायबमोजिमको खानेपानीको स्रोतको सर्वेक्षण गर्नका लागि अनुमति माग गर्नु भएकोमा हेटौंडा उपमहानगरपालिका खानेपानी, सरसफाइ तथा स्वच्छतासम्बन्धी ऐन, २०८१ को दफा २७ को उपदफा (१) बमोजिम देहायबमोजिम हुने गरी यो अनुमतिपत्र प्रदान गरिएको छ।

१. अनुमति प्राप्त गर्ने वा संगठित संस्थाको नाम र ठेगाना :
२. सर्वेक्षणको उद्देश्य :
३. सर्वेक्षण गर्ने क्षेत्र :
४. स्रोतको नाम र स्थान :
५. सर्वेक्षण शुरु गर्नु पर्ने समय :
६. सर्वेक्षण सम्पन्न गरिसक्नु पर्ने समय :
७. अनुमतिपत्र बहाल रहने अवधि :
८. अनुमतिपत्र प्राप्त व्यक्तिले पालन गर्नु पर्ने शर्तहरु :
    क)
    ख)
    ग)
    घ)
    ङ)
९. म्याद थप गरेको भए म्याद थपको विवरण :
    क. पहिलो पटक म्याद थप भएको मिति
        र सर्वेक्षण सम्पन्न गर्नु पर्ने समय :
    ख. दोस्रो पटक म्याद थप भएको मिति
        र सर्वेक्षण सम्पन्न गर्नु पर्ने समय :

अनुमतिपत्र दिने अधिकारी :

...................................
हस्ताक्षर र मिति :
नाम:
पद :
कार्यालय :

## अनुसूची-४
## दफा २७ को उपदफा (२) सँग सम्बन्धित

### खानेपानीको स्रोतको उपयोगका अनुमतिपत्र

अनुमति पत्र संख्या र अनुमति प्रदान गरिएको वर्ष :

श्री ..........................
.............................................

तपाईंले देहायबमोजिमको खानेपानीको स्रोत उपयोग गर्न पाउनका लागि निवदेन दिनु भएकोमा देहाय बमोजिमको खानेपानीको स्रोत देहायबमोजिम उपयोग गर्न पाउने गरी हेटौंडा उपमहानगरपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छतासम्बन्धी ऐन, २०८१ को दफा २७ को उपदफा (२) बमोजिम यो अनुमतिपत्र प्रदान गरिएको छ ।

१. अनुमति प्राप्त गर्ने संस्थाको नाम र ठेगाना :
२. स्रोत उपयोगको उद्देश्य :
३. स्रोतको पानी उपयोग गरिने क्षेत्र :
४. स्रोतमा उपलब्ध पानीको परिमाण :
५. स्रोतबाट प्रयोग गर्न खोजिएको पानीको परिमाण :
६. स्रोतबाट पानी प्रयोग गर्न थाल्ने समय :
७. अनुमतिपत्र बहाल रहने अवधि :
८. अनुमति प्राप्त व्यक्ति वा संस्थाले पालन गर्नु पर्ने शर्तहरु :
    क)
    ख)
    ग)
    घ)
    ङ)

अनुमतिपत्र प्रदान गर्ने अधिकारी
.....................................
हस्ताक्षर र मिति :
नामः
पद :
कार्यालय :

हेटौंडा राजपत्र

**अनुसूची-५**
**दफा २७ को उपदफा (३) सँग सम्बन्धित**

**खानेपानी तथा सरसफाइ सेवा निर्माण/सञ्चालनका लागि प्रदान गरिने अनुमतिपत्र**

अनुमतिपत्र नं. र अनुमति प्रदान गरिएको वर्ष :

श्री .............................

.......................................

तपाइँले खानेपानी तथा सरसफाइ सम्बन्धी आयोजना निर्माण तथा सेवा सञ्चालनको अनुमति पाउन निवेदन दिनु भएकोमा हेटौंडा उपमहानगरपालिका खानेपानी, सरसफाइ तथा स्वच्छतासम्बन्धी ऐन, २०८१ को दफा २७ को उपदफा (३) बमोजिम यो अनुमतिपत्र प्रदान गरिएको छ ।

१. अनुमति प्राप्त गर्ने संस्थाको नाम र ठेगाना :

२. अनुमति प्राप्त गरेको सेवाको किसिमः खानेपानी सेवा निर्माण तथा सञ्चालन/ खानेपानी सेवा सञ्चालन/ सरसफाइ सेवा निर्माण तथा सञ्चालन/ सरसफाइ सेवा सञ्चालन

३. खानेपानी आयोजनाको हकमा :

(क) खानेपानी वितरणको लागि प्रयोग गरिने मुहान :

जिल्ला :................. उपमहानगरपालिका : .............. वडा नं. ............ टोल :.........

(ख) स्रोतमा उपलब्ध पानीको परिमाण : ..................................................................

(ग) स्रोतबाट उपयोग गर्ने पानीको परिमाण : ..........................................................

(घ) समेटिने घरधुरी र अनुमानित जनसंख्या : .........................................................

(ङ) सेवाक्षेत्रः वडा नं. .......... टोल वा वस्तीः ................ सेवाले समेटने घरधुरी : ...............

४. सरसफाइ आयोजनाको हकमा :

(क) दिसाजन्य लेदो पदार्थ तथा फोहर पानी विसर्जन गर्ने स्थानः

जिल्ला :................. उपमहानगरपालिका : .............. वडा नं. ............ टोलः .........

(ख) दिसाजन्य लेदो पदार्थ तथा फोहर पानी विसर्जन गर्ने स्थान सम्म लाने उपाय :



हेटौंडा राजपत्र

……………………………………………………………………………………………………

(ग) दिसाजन्य लेदो वा फोहर पानीको सुरक्षित विसर्जन वा पुनरप्रयोग गर्ने उपाय (ढल वा टयांकर के बाट ढुवानी गर्ने हो र कसरी सुरक्षित ढङ्गबाट विसर्जन गरिने हो सो उल्लेख गर्ने) :

……………………………………………………………………………………………

(घ) दिसाजन्य लेदो वा फोहर पानीको अनुमानित परिमाणः ……………………………

(ङ) सेवा क्षेत्रः वडा नं. ………. टोल वा वस्तीः ……………. सेवाले समेटने घरधुरीः ……………

५. काम शुरु गर्ने मिति :

६. काम सम्पन्न गर्ने मिति :

७. सेवा उपलब्ध गराउने अनुमानित मिति :

८. अनुमतिपत्र बहाल रहने अवधि :

९. अनुमतिका शर्तहरु :

क)

ख)

ग)

घ)

ङ)

अनुमति दिने अधिकारी

…………………………

(हस्ताक्षर र मिति)

नाम :

पद :

कार्यालय :

मस्यौदा राजपत्र

## अनुसूची-६
### दफा ८ को उपदफा (४) सँग सम्बन्धित

### उपभोक्ता संस्था सूचीकृत प्रमाणपत्र

दर्ता नं. ……… र दर्ता वर्ष ………………………

दर्ता मितिः ……………………

श्री ………………………………

……………………………………

तपाईले मिति ……………. मा दिनुभएको निवेदनबमोजिम उपभोक्ता संस्था दर्ता गरी देहाय बमोजिमका कार्यहरु देहाय बमोजिमको शर्तको अधीनमा रही गर्न पाउने गरी हेटौंडा उपमहानगरपालिका खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी ऐन, २०८१ को दफा ८ को उपदफा (४) बमोजिम यो उपभोक्ता संस्था सूचिकृत प्रमाणपत्र प्रदान गरिएको छ ।

१. उपभोक्ता संस्थाको नाम र ठेगाना : ……………………………………………………………

२. उपभोक्ता संस्थाको उद्देश्य : ……………………………………………………………………

३. उपभोक्ता संस्थाले सञ्चालन गर्ने परियोजनाको नाम :…………………………………………

४. सेवा क्षेत्र, लाभान्वित हुने जनसंख्या वा घरधुरी : ………………………………………………

५. खानेपानी आयोजनाको हकमा :

(क) खानेपानी वितरणको लागि प्रयोग गर्न चाहेको स्रोत वा मुहान :

जिल्ला :…………….. उपमहानगरपालिका : …………… वडा नं. ………… टोल :………

मुहानको विवरणः ……………………………………………………………………

(ख) स्रोतमा उपलब्ध पानीको परिमाण : ……………………………………………………

(ग) स्रोतबाट उपयोग गर्ने पानीको परिमाण : ………………………………………………

६. सरसफाइ आयोजनाको हकमा :

(क) दिसाजन्य लेदो पदार्थ तथा फोहर पानी विसर्जन गर्ने स्थानः

जिल्ला :…………….. उपमहानगरपालिका : …………… वडा नं. ………… टोल :………

(ख) दिसाजन्य लेदो पदार्थ तथा फोहर पानी विसर्जन गर्ने स्थान सम्म लाने उपाय :

……………………………………………………………………………………

(ग) दिसाजन्य लेदो वा फोहर पानीको सुरक्षित विसर्जन वा पुनरप्रयोग गर्ने उपाय (ढल वा टयांकर के बाट ढुवानी गर्ने हो र कसरी सुरक्षित ढङ्गबाट विसर्जन गरिने हो सो उल्लेख गर्ने) : ..........................................................................................................

(घ) दिसाजन्य लेदो वा फोहर पानीको अनुमानित परिमाणः ................................

७. उपभोक्ता संस्थाले पालना गर्नु पर्ने मुख्य शर्तहरु :

(क) ...........................................................................

(ख) ...........................................................................

(ग) ...........................................................................

(घ) ...........................................................................

(ङ) ...........................................................................

प्रमाणपत्र दिने अधिकारी

...............................

(सही र कार्यालयको छाप)

नाम :

पद :

मिति :

कार्यालयः हेटौंडा उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय, हेटौंडा, मकवानपुर ।

**आज्ञाले**
**सूर्य प्रसाद गौतम**
**प्रमुख प्रशासकीय अधिकृत**

हेटौंडा राजपत्र